# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७०

# Overview of Weekly Media Study Vol. 70


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ जेठ १०, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन **२०८३ साल जेठ ०४ गतेदेखि जेठ १०** गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको अध्ययनपछि तयार गरिएको हो । यस अवधिमा नेपाली मिडियाले सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक विषयहरूलाई प्राथमिकताका साथ उठाएका छन् । विशेषतः राष्ट्रिय पहिचान, सांस्कृतिक संरक्षण, सुशासन, लोकतान्त्रिक अभ्यास, शिक्षा सुधार, पर्यटन प्रवर्द्धन तथा आर्थिक पुनरुत्थानसँग सम्बन्धित विषयहरू प्रमुख विमर्शका रूपमा देखिएका छन् ।

यस अवधिमा मिडियाले 'देवभूमि नेपाल' अभियान, पशुपति क्षेत्रको महत्व, आन्तरिक पर्यटनको सम्भावना, नेवारी मौलिक संस्कृति, तम्घास बजारमा गुञ्जिएको परम्परागत बाजा, म्याग्दीको नारच्याङ लेकगाउँ तथा पर्यटकीय क्षेत्र सोलेडाँडामा निर्माण गरिएको 'जडीबुटी पार्क' जस्ता विषयहरूलाई प्राथमिकता दिएका छन् । हिन्दू स्वयंसेवक संघ नेपालद्वारा आयोजित 'संघ शिक्षा वर्ग-२०८३' तथा राष्ट्र निर्माणका लागि कार्यकर्ता निर्माणसम्बन्धी अभियानलाई पनि विशेष महत्वका साथ प्रस्तुत गरेका छन् । साथै,  सगरमाथामा एकै दिन २७० भन्दा बढी आरोहीद्वारा आरोहण गरिएको कीर्तिमानी घटनालाई मिडियाले व्यापक रूपमा उठाएका छन् । पूर्णिमाद्वारा छैटौँ पटक सगरमाथा शिखर आरोहण, आरोहीहरूको लाम, तथा कीर्तिमानी आरोही कामीरिता शेर्पाको अभिव्यक्तिलाई पनि विशेष स्थान दिइएको छ । पर्यटन प्रवर्द्धनका लागि भारतीय कन्टेन्ट क्रियटरलाई नेपाल भ्रमणको निम्तो, अर्घाखाँचीको 'रक गार्डेन' प्रवर्द्धन, दरबारमार्ग स्ट्रिट फेस्टिभल तथा ट्रिप टर्बो र अगोडाबीचको साझेदारीसम्बन्धी सामग्रीले पर्यटन क्षेत्रको सक्रियता झल्काएको छ ।

सांस्कृतिक तथा ऐतिहासिक विषयतर्फ पुलिस क्लबभित्र रहेका १९ वटा ऐतिहासिक मूर्ति पुरातत्व विभाग लगिएको विषय, चो?लुङ पार्कलाई इतिहास, संस्कृति र पर्यटनको संगमका रूपमा प्रस्तुत गरिएको सामग्री तथा १२ सय वर्ष पुरानो अङ्ग्रेजी साहित्यको पाण्डुलिपि रोममा भेटिएको समाचारलाई मिडियाले महत्व दिएका छन् । जैविक विविधता, पर्यावरण र सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी विषयहरू पनि निरन्तर चर्चामा रहेका छन् । राजनीतिक तथा लोकतान्त्रिक विषयतर्फ भारतसँगको सम्बन्ध, चिया निर्यातमा देखिएको सहजता, स्वास्थ्यमन्त्री मेहता र भारतीय समकक्षीबीचको भेटवार्ता तथा अमेरिकी विदेशमन्त्री मार्को रुबियोको भारत भ्रमणजस्ता विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । साथै, लिपुलेक सम्बन्धी कूटनीतिक नोटमा चीन मौन रहेको विषय, 'सुगौली सन्धिको कपी कहाँ छ ?' भन्ने प्रश्न तथा संविधान संशोधनसम्बन्धी बहसले पनि राजनीतिक वृत्तमा चर्चा पाएको छ ।

आन्तरिक राजनीतितर्फ सरकारको नीति तथा कार्यक्रम, न्यायालय नेतृत्वमा शर्मा, सहकारी पीडितको बचत फिर्ता गर्न सरकारले थप बजेट उपलब्ध गराउने निर्णय, अब अनलाइनबाटै प्रहरीमा उजुरी दिन सकिने व्यवस्था, विद्यालय तहको पाठ्यक्रम परिमार्जन तथा सार्वजनिक गाडीको नयाँ दर्ता रोक्का गर्ने निर्णयजस्ता विषयलाई मिडियाले महत्वका साथ उठाएका छन् । एमालेभित्रको शक्ति सन्तुलन, प्रधानमन्त्री र संसद्बीचको दूरी तथा राज्य सञ्चालनमा अनुभव र विचारको सन्तुलनसम्बन्धी विश्लेषणात्मक सामग्रीहरू पनि उल्लेखनीय रूपमा प्रकाशित भएका छन् ।

समग्रमा यस साताको मिडिया प्रवृत्तिले नेपाली समाजमा राष्ट्रिय पहिचान, सांस्कृतिक पुनर्जागरण, सुशासन, आर्थिक सुधार तथा लोकतान्त्रिक उत्तरदायित्वप्रति चासो र बहस बढ्दै गएको देखाएको छ । प्रस्तुत प्रतिवेदनले समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूको तथ्यपरक, सान्दर्भिक तथा विश्लेषणात्मक चित्र प्रस्तुत गरेको छ ।

**Date: 2083 Jestha 10, Sunday**

# Weekly Media Study Summary– Part 70

This weekly media monitoring report presented by Nepal Samwad Kendra has been prepared after reviewing major news, opinions, analyses and articles published and broadcasted in national daily newspapers, online portals, print media and television channels from **Jestha 04 to Jestha 10, 2083.** During this period, Nepali media primarily focused on social, cultural, political, diplomatic, educational and economic issues. In particular, matters related to national identity, cultural preservation, good governance, democratic practices, educational reform, tourism promotion, and economic recovery emerged as key areas of discussion.

During the review period, the "Devbhumi Nepal" campaign, the significance of the Pashupati area, possibilities of domestic tourism, Newari indigenous culture, traditional musical performances in Tansen/Tamghas, the Narachyang Lake village of Myagdi and the construction of a herbal park in Soledanda were highlighted prominently. The media also gave notable coverage to the "Sangh Shiksha Varga–2083" organized by Hindu Swayamsevak Sangh Nepal and its campaign for cadre-building aimed at nation-building. Similarly, News related to Mount Everest became one of the major attractions of the week. The media widely covered the record-setting ascent by more than 270 climbers in a single day. Reports on Purnima's sixth successful Everest summit, long queues of climbers and comments made by record-holder Kami Rita Sherpa also received significant attention. Likewise, invitations extended to Indian content creators to visit Nepal for tourism promotion, the promotion of Arghakhanchi's "Rock Garden," the Darbar Marg Street Festival and the strategic partnership between Trip Turbo and Agoda reflected growing activities in Nepal's tourism sector.

On cultural and historical issues, the media covered the transfer of 19 historical statues from Police Club premises to the Department of Archaeology, the presentation of Cho?Lung Park as a confluence of history, culture and tourism and the discovery in Rome of a 1,200-year-old manuscript containing one of the earliest English literary poems. Issues related to biodiversity, environmental conservation and protection of cultural heritage also remained in public discussion. In the political and democratic sphere, media outlets highlighted Nepal–India relations, the easing of tea exports to India, plans to invite Indian content creators to Nepal, meetings between Health Minister Mehta and his Indian counterpart and the visit of U.S. Secretary of State Marco Rubio to India. Likewise, discussions surrounding China's silence on the diplomatic note regarding Lipulekh, questions raised about the copy of the Sugauli Treaty and debates on constitutional amendments also received considerable attention.Regarding domestic politics, the media focused on the government's policies and programs, the leadership of the judiciary under Sharma, additional government support for cooperative victims, the launch of an online police complaint system, revisions to the school-level curriculum and the suspension of new public vehicle registrations. Analytical reports regarding the balance of power within UML, the growing distance between the Prime Minister and Parliament and the balance between experience and vision in governance were also widely discussed.

Overall, this week's media trend indicates increasing public concern and debate in Nepal regarding national identity, cultural revival, good governance, economic reform and democratic accountability. The report presents a factual, relevant and analytical overview of contemporary national and international issues.

**२०८३ जेठ ४ गतेदेखि जेठ १० गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा**

## पशुपति समृद्धिको प्रस्थानविन्दु

**कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती ।**
**द्वापरे मुक्तिसोपाना कलौ नेपालिकापुरी ॥**

सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, "नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न 'देवभूमि नेपाल' राष्ट्रिय अभियान सञ्चालन गरिने छ। धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिने छ। आध्यात्मिक तीर्थ कूटनीतिमार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिने छ।" बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207114**

## आन्तरिक पर्यटन र 'देवभूमि नेपाल' अभियानको सम्भाव्यता

१. पृष्ठभूमि : सांस्कृतिक विरासत र नयाँ नीतिगत प्रस्थान

नेपाल ऐतिहासिक कालदेखि नै पौरस्त्य दर्शन, अध्यात्म र सनातन संस्कृतिको केन्द्र रहिआएको छ। हालै सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममार्फत नेपाललाई विश्व आध्यात्मिक पर्यटन केन्द्रका रूपमा स्थापित गर्न 'देवभूमि नेपाल' राष्ट्रिय अभियान समेत घोषणा गरेको छ। बाँकी...

स्रोत : **https://shivata.blogspot.com/2026/05/blog-post_531.html**

## पुलिस क्लबभित्रका १९ वटा ऐतिहासिक मूर्ति पुरातत्व विभाग लगियो

भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लब कार्यालयबाट लिच्छिवीकालदेखि शाहकालसम्मका १९ मूर्ति पुरातत्व विभाग लगिएको छ। सम्पदा अभियन्ता यादवलाल कायस्थ र विभागको दुई वर्षदेखिको प्रयासपछि ती मूर्ति फिर्ता लगिएको हो। अभियन्ता कायस्थले वि.सं. २०८१ जेठमा करिब ५ सय वर्षदेखिका पुराना र एतिहासिक मूर्ति फिर्ता गर्न विभागलाई पत्र पठाउनुभएको थियो। सो पत्रका आधारमा विभागले गत साउनमा प्रहरी प्रधान कार्यालयलाई मूर्ति फिर्ता गर्ने प्रक्रिया अघि बढाउन पत्र पठाएपछि नेपाल पुलिस क्लबको सभा मण्डपमा सजाएर राखेका मूर्ति फिर्ता गरेको हो। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/20/769236/**

## तम्घास बजारमा गुञ्जियो नेवारी मौलिक बाजाको धुन

गुल्मीमा नेवार समुदायका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको नेवारी मौलिक बाजा तालिमले स्थानीय समुदायमा सांस्कृतिक उत्साह थपेको छ। परम्परागत कला, संस्कृति तथा बाजागाजाको संरक्षण गर्दै नयाँ पुस्तामा सांस्कृतिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको तालिममा नेवार समुदायका सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। घरेलु तथा साना उद्योग कार्यालयको आयोजना तथा नेवा खलःको अगुवाइमा तालिम १५ दिनसम्म सञ्चालन गरिएको थियो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938194/the-tunes-of-traditional-newari-instruments-echoed-in-tamghas-bazaar**

## म्याग्दीको नारच्याङ लेकगाउँ संस्कृति र प्रकृतिको सङ्गम स्थल

अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ लेकगाउँ संस्कृति र प्रकृतिको सङ्गम हो । समुन्द्री सतहदेखि दुई हजार मिटर उचाइको पहाडी पाखामा गुजमुज्ज परम्परागत शैलीका ढुङ्गे घरहरु रहेको लेकगाउँले 'मगर सङग्रालय' को पहिचान बनाएको हो । करिब एक सय परिवारको बसोबास रहेको लेकगाउँमा सबै मगर समुदायका छन् । अन्नपूर्ण गाउँपालिका-४ का वडा सदस्य श्याम पुर्जाले सयौँ वर्षअघि स्थानीय सीपको प्रयोग गरेर निर्माण गरिएका मौलिक घरहरु भएको लेकगाउँमा परम्परागत मगर जीवनशैली र संस्कृति जीवित रहेकाले बस्तीलाई नै 'मगर म्युजियम' भनिएको बताए । बाँकी...

स्रोत : **https://khabarhub.com/2026/24/973595/**

## प्रेरक प्रसंग : साधु र सिसाको हल

एकपटक एकजनाले एक साधुसित गुनासो गरे। महात्मा, मेरो साथमा कोही पनि विश्वासपात्र छैनन्। मेरा कर्मचारी मसित झुटो बोल्छन्। पत्नी र छोराछोरी मात्र होइन, यो संसार नै स्वार्थी छ। कोही पनि ठिक छैनन्। साधु हल्का मुस्कुराए र उनलाई एउटा कथा सुनाए। एउटा ठुलो सहरमा एउटा ठुलो हल थियो, जहाँ करिब हजार ऐना जडान गरिएका थिए। एउटी सानी बालिका नियमितजसो एक्लै सो हलमा खेल्न जाने गर्थिन्। उनलाई त्यहाँ खेल्न निकै मजा लाग्थ्यो। उनलाई एकसाथ आफूजस्तै हजार अन्य बालिकासित खेलिरहेकोजस्तो लाग्थ्यो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195566/2026-05-21**

## रात्रि श्रम होइन, राज्यको उपेक्षा चलिरहेछ विमानस्थलमा

काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रातको समयमा एक फरक संसार जस्तो देखिन्छ । दिनको भिडभाड, आफन्तको हाँसो, पर्यटकको उत्साह र विदाइका भावुक दृश्यहरू बिस्तारै ओझेल पर्दै जान्छन् । तर त्यही समयमा अर्को एउटा अदृश्य संसार सक्रिय हुन्छ-रातभर जाग्राम बसेर देशको सीमा, सुरक्षा, उडान व्यवस्थापन र यात्रु आवतजावतलाई निरन्तर सञ्चालन गरिराख्ने श्रमिकहरूको संसार । उनीहरू एयर ट्राफिक कन्ट्रोलर, अध्यागमन अधिकृत, प्रहरी, प्राविधिक, ग्राउन्ड स्टाफ, सुरक्षा गार्ड वा अन्य प्रशासनिक कर्मचारी हुन सक्छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/563762/its-not-night-labor-its-state-neglect-at-the-airport**

## खुम्बुको गरिब गाउँबाट विश्वको शिखरसम्म

नेपाली आरोही कामीरिता शेर्पाले फेरि एकपटक विश्व पर्वतारोहण इतिहासमा नयाँ अध्याय लेख्नुभएको छ । उहाँले आइतबार बिहान विश्वको सर्वोच्च शिखर सगरमाथाको ३२औं पटक सफलतापूर्वक आरोहण गर्दै आफ्नै विश्व कीर्तिमान तोड्नुभएको छ। उहाँलाई व्यवस्थापन गरिरहेको सेभेन समिट ट्रेकका अनुसार कामीरिताले मे १७, २०२६ बिहान १०:१२ बजे सगरमाथाको चुचुरोमा पाइला टेक्नुभएको थियो । मौसम अनुकूल भएका कारण यसपटक आरोहण अपेक्षाकृत सहज भए पनि अत्यधिक भीड, उचाइको जोखिम र कठोर हिमाली वातावरणले चुनौती कायमै राखेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/18/768919/**

## हावाहुरीले रोकियो कञ्चनजंघाको रोप फिक्सिङ, केही अन्तर्राष्ट्रिय टोली फर्किए काठमाडौं

विश्वको तेस्रो अग्लो हिमाल कंचनजंघामा वसन्तकालीन आरोहणका क्रममा खराब मौसमका कारण रोप फिक्सिङ (डोरीको सहायताले बाटो बनाउने) अभियान प्रभावित बनेको छ। पर्वातारोही तथा सेभेन समिट ट्रेक्सका प्रालिका अध्यक्ष मिङमा शेर्पाका अनुसार, यसपटकको आरोहण सिजनका लागि अन्य सबै हिमालमा बाटो बनाउने काम सकिसकेको छ। आरोहीका लागि बाटो बनाउन बाँकी यो मात्रै एउटा हिमाल हो। बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/05/19/wind-stops-kanchenjunga-rope-fixing-some-international-teams-return-to-kathmandu-15-23.html**

## हिन्दू स्वयंसेवक संघ, नेपाद्वारा 'संघ शिक्षा वर्ग-२०८३' उद्घाटन, १५ दिनसम्म चल्ने

काभ्रेको धुलिखेलमा हिन्दू स्वयंसेवक संघ नेपालले राष्ट्रियस्तरको 'संघ शिक्षा वर्ग-२०८३' सञ्चालन गरेको छ। उक्त कार्यक्रमको उद्घाटन सत्र धुलिखेलको माकाजु समाज कल्याण संघमा भएको थियो। 'संघ शिक्षा वर्ग' कार्यक्रम १५ दिनसम्म चल्नेछ भने प्रशिक्षार्थीहरूलाई शारीरिक रूपमा सक्षम बनाउन दैनिक योग, सूर्य नमस्कार, व्यायाम र आत्मरक्षाको कला (नियुद्ध) लगायत सिकाइन्छ। शारीरिक प्रशिक्षण अन्तर्गत खेलका माध्यमबाट स्वयंसेवकहरूमा आपसी आत्मीयता, सहकार्य र सामाजिक समरसताको प्रत्यक्ष अनुभूति गराइन्छ, जसले जातजाति र क्षेत्रका कृत्रिम पर्खालहरू भत्काएर सबैलाई एउटै सूत्रमा बाँध्न मद्दत गर्ने विश्वास लिइएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938029/hindu-swayamsevak-sangh-nepal-inaugurates-sangh-shiksha-class-2083-to-last-for-15-days**

## संघ शिक्षा वर्ग : राष्ट्र निर्माणका लागि कार्यकर्ता निर्माणको महाअभियान परिचय

हिन्दू स्वयंसेवक संघ नेपालको कार्यपद्धतिमा प्रशिक्षणको एउटा विशेष र महत्त्वपूर्ण पाटो रहेको पाइन्छ। प्रशिक्षण अर्थात् कार्य विधिको त्यस्तो शिक्षण, जसले व्यक्तिलाई समाजको कार्यका लागि योग्य बनाउन सहयोग पुऱ्याउँछ। संघले आफ्ना कार्यकर्ताहरूलाई प्रत्यक्ष-परोक्ष तथा ज्ञात-अज्ञात रूपमा विभिन्न कार्यक्रमहरू (जस्तैः दैनिक शाखा, वन विहार, शीत शिविर आदि) मार्फत प्रशिक्षित गरिरहेको हुन्छ। यसै शृङ्खलाको एउटा उत्कृष्ट र व्यवस्थित रूप 'संघ शिक्षा वर्ग' हो। बाँकी...

स्रोत : **https://samwadkhabar.com/news/14207**

## सगरमाथामा नयाँ इतिहास : एकै दिन २७० भन्दा बढीद्वारा आरोहण

वसन्त ऋतुको जारी आरोहण अन्तर्गत विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) को चुचुरोमा बुधबार एकै दिन २७० जना भन्दा बढी आरोहीहरूले सफलतापूर्वक पाइला टेकेका छन्। पर्वतारोहण सञ्चालक संघ नेपालका अनुसार यो नेपाली पर्वतीय पर्यटनको इतिहासमा एकैदिन भएको अहिलेसम्मकै ठूलो र ऐतिहासिक आरोहणमध्ये एक हो। संघका महासचिव ऋषि राम भण्डारीद्वारा जारी प्रेस विज्ञप्ति अनुसार, यो उपलब्धि नेपालको पर्यटन र साहसिक क्षेत्रका लागि अत्यन्त गौरवपूर्ण र उत्साहजनक क्षण हो। बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/05/21/new-history-on-everest-more-than-270-people-climb-in-a-single-day-10-43.html**

## छैठौँ पटक सगरमाथा शिखरमा पूर्णिमा

कीर्तिमानी सगरमाथा आरोही गोरखाकी पूर्णिमा श्रेष्ठ आफ्नै रेकर्ड तोड्दै छैठौँ पटक सगरमाथा शिरमा पुगेकी छिन् । सतोरी एड्भेञ्चरको टिमसँगै उनी बुधबार सगरमाथा शिखरमा पुग्न सफल भएकी हुन् । उनी छैठौँ पटक सगरमाथा आरोहण गर्न सफल भएको भन्दै सो कम्पनीले बधाइ ज्ञापन गरेको छ । यसअघि उनले दुई हप्तामा तीनपटक सगरमाथा शिखर चुमेको भन्दै गिनिज बुक अफ वर्ड रेकर्डले उनको नाम सूचीकृत गरेको थियो । बाँकी... स्रोत : **https://annapurnapost.com/story/500259/**

## सगरमाथामा आरोहीको लाम

एक सातामा २५० भन्दा बढी आरोही सगरमाथा चुचुरोमा पुगेर फर्किएका छन्। यस सिजनका लागि आरोहण खुलेको पछिल्लो एक सातामा उल्लेख्य सङ्ख्यामा आरोहीले सगरमाथाको सफल आरोहण गरेका हुन्। सगरमाथा आधार शिविरमा रहेको पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका अनुसार वैशाख ३१ गते चुचुरोसम्मको बाटो खुलेयता बुधबारसम्म उल्लिखित सङ्ख्यामा आरोही र सहयोगी शेर्पासमेतले आरोहण पूरा गरी आधार शिविर फर्किएका छन्। खुम्बु क्षेत्रको पर्वतारोहणसम्बन्धी गतिविधि व्यवस्थित, मर्यादित, सुरक्षित र भरपर्दो बनाउन आधार शिविरमा खटिनुभएका सम्पर्क अधिकृत सुशील सेर्माका अनुसार सगरमाथा आरोहणको समय १० दिन मात्र बाँकी रहँदा विभिन्न शिविरमा पुगेका आरोही चुचुरोतर्फ लागेका छन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/206760**

## १२ सय वर्ष पुरानो अङ्ग्रेजी साहित्यकै पहिलो कविता समेटिएको पाण्डुलिपि रोममा भेटियो

अङ्ग्रेजी साहित्यको इतिहासलाई नयाँ ढंगले परिभाषित गर्ने एक ऐतिहासिक उपलब्धि हासिल भएको छ । 'ट्रिनिटी कलेज डब्लिन' का अनुसन्धानकर्ताहरूले रोममा नवौँ शताब्दीको सुरुवाती चरणको एउटा यस्तो हराएको पाण्डुलिपि फेला पारेका छन्, जसमा अङ्ग्रेजी भाषाकै सबैभन्दा पहिलो र पुरानो कविता 'कोडमन्स हिम' सुरक्षित रहेको पाइएको छ । दशकौँदेखि हराएको मानिएको यो १,२०० वर्ष पुरानो दस्तावेज रोमको 'नेसनल सेन्ट्रल लाइब्रेरी' मा फेला परेसँगै अन्तर्राष्ट्रिय साहित्य जगत्मा नयाँ बहस सुरु भएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1934451/1200-year-old-manuscript-containing-the-first-poem-in-english-literature-found-in-rome**

## चो?लुङ पार्क : इतिहास, संस्कृति र पर्यटनको संगम

कृतिलाई पुज्ने, ढुंगालाई इतिहासको प्रतीक मान्ने लिम्बु सभ्यता । यही सभ्यताको मौलिकता, संस्कृति र इतिहासलाई नयाँ पुस्तासम्म जोगाइराख्ने उद्देश्यसहित तेह्रथुमको लालीगुराँस नगरपालिका ले निर्माण गरेको 'चो?लुङ पार्क' अहिले पूर्वी नेपालको चर्चित सांस्कृतिक पर्यटकीय गन्तव्य बनेको छ । ढुंगैढुंगाले बनाइएको यो पार्क अहिले केवल घुम्ने स्थल मात्र बनेको छैन, लिम्बु समुदायको इतिहास, जीवनशैली र सभ्यताको जीवित संग्रहालयका रूपमा स्थापित हुँदै गएको छ । सामाजिक सञ्जालमा पार्कका तस्वीर र भिडियो भाइरल बन्न थालेपछि यहाँ दैनिक सयौं आन्तरिक तथा बाह्य पर्यटक पुग्न थालेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1932707/cholung-park-a-confluence-of-history-culture-and-tourism-photos**

## पर्यटकीय क्षेत्र सोलेडाँडामा निर्माण गरियो 'जडीबुटी पार्क

बागलुङको तमानखोला गाउँपालिकाले पर्यटकीय क्षेत्र सोलेडाँडामा जडीबुटी पार्क निर्माण गरिएको छ । जडीबुटी खेतीका लागि उपयुक्त रहको हुँदा गाउँपालिकाले सोलेडाँडाको करिब ७ रोपनी क्षेत्रफलमा जडीबुटीको विरुवा लगाएको हो । प्राकृतिक सुन्दरताले भरिएको सोलेडाँडामा गाउँपालिकाले पर्यटकीय पूर्वधारसँगै जडीबुटीको अनुसन्धान र पर्यटक आकर्षण गर्नका लागि पार्क बनाएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207245**

## सगरमाथामा राजनीति घुस्यो : कीर्तिमानी आरोही कामीरिता शेर्पा

कामीरिता शेर्पालाई नेपालमा मात्रै होइन, विश्वभर अतिरिक्त परिचयको आवश्यकता पर्दैन। सोलुखुम्बुको पासाङल्हामु गाउँपालिकामा जन्मिएका यी ५६ वर्षीय पर्वतारोहीको परिचय पृथ्वीको सर्वोच्च शिखरकै पर्याय बनेको छ। 'एभरेस्ट म्यान' का नामले परिचित उनले पहिलो पटक २४ वर्षमै भिनाजु र दाइको साथ लागेर सगरमाथाको चुचुरो चुमेका थिए। त्यसयता आफ्नो जीवन नै हिमाललाई समर्पित गरेका छन्, त्यसक्रममा बारम्बार विश्व कीर्तिमान बनाउादै र भत्काउँदै आएका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/Interview/2026/05/24/politics-has-entered-mount-everest-record-breaking-climber-kami-rita-sherpa-01-53.html**

## पर्यटन प्रवर्द्धनका लागि भारतीय कन्टेन्ट क्रियटरलाई दूतावासद्वारा नेपाल भ्रमणको निम्तो

नयाँदिल्लीस्थित नेपाली दूतावासले नेपालको पर्यटन प्रवर्द्धनका लागि भारतीय भ्लगर, युट्युबर, पोडकास्टर तथा डिजिटल कन्टेन्ट निर्माता (कन्टेन्ट क्रिएटर) हरूलाई नेपाल भ्रमणका लागि 'फ्यामिलियराइजेसन ट्रिप' मा आउन निमन्त्रणा गरेको छ । भारतीय सञ्चार माध्यमममा नेपाल भ्रमणबारे फैलाइएका भ्रामक विवरणलाई चिर्नका लागि दूतावासका तर्फबाट सार्वजनिक तथा सांस्कृतिक कुटनीतिक अभियानका यस पहललाई लिइएको छ । मे २० मा नयाँदिल्लीस्थित नेपाली दूतावासले सामाजिक सञ्जाल एक्समार्फत भारतीय सोसल इन्फ्लुएन्सरहरूलाई भ्रमणका लागि मे ३० भित्र आवेदन दिन आह्वान गरेको थियो । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/05/24/embassy-invites-indian-content-creators-to-visit-nepal-to-promote-tourism-23-10.html**

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935820/indian-content-creators-to-be-invited-to-visit-nepal-delhi-embassy-invites-applications**

## पर्यटकीय गन्तव्य बन्दै अर्घाखाँचीको 'रक गार्डेन'

सन्धिखर्क नगरपालिका-११, डिभर्नामा अवस्थित प्राकृतिक चट्टानहरूको अद्‌भुत संसार 'रक गार्डेन' पछिल्लो समय अर्घाखाँचीको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा उदाउँदै गएको छ । सन्धिखर्क बजारबाट करिब २० मिनेटको सवारी यात्रापछि पुग्न सकिने यस स्थानमा प्रकृतिले आफैँ कुँदेजस्ता विशाल चट्टानहरू, ढुङ्गाको बगैँचाजस्तै फैलिएको भू-आकृति, चिसो स्वच्छ हावा र क्षणक्षणमा बदलिने मौसमले जोकोहीलाई मोहित बनाउँ छ । पहिलो पटक रक गार्डेन पुग्नेहरू चट्टानहरूको अनौठो बनावट देखेर आश्चर्यचकित हुने गर्छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937599/arghakhanchis-rock-garden-becoming-a-tourist-destination**

## ट्रिप टर्बो र अगोडाबीच रणनीतिक साझेदारी, नेपाली यात्रुलाई अन्तर्राष्ट्रिय होटल बुकिङ अझ सहज

नेपालमा सबैभन्दा धेरै डाउनलोड गरिएको ट्राभल एप 'ट्रिप टर्बो' विश्वव्यापी डिजिटल ट्राभल प्ल्याटफर्म 'अगोडा' सँग रणनीतिक साझेदारी गरेको छ। यो सहकार्यसँगै नेपाली यात्रुले अब विश्वभरिका अन्तर्राष्ट्रिय होटलहरू सिधै नेपाली मुद्रामा सहज रूपमा बुक गर्न सक्नेछन् । यो साझेदारी मार्फत ट्रिप टर्बो प्रयोगकर्ताले अगोडाको विश्वव्यापी होटल नेटवर्कमा पहुँच पाउनेछन्, जहाँ विश्वभरिका लाखौं होटल तथा आवास सेवा उपलब्ध छन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937495/tripturbo-and-agoda-enter-into-strategic-partnership-to-make-international-hotel-bookings-easier-for-nepali-travelers**

## नेपाल एयरलाइन्सको सञ्चालक नियुक्ति विवादमा, पर्यटनमन्त्रीको निर्णयविरुद्ध उजुरी

नेपाल एयरलाइन्सको सञ्चालक सदस्य पदमा गरिएको नियुक्ति विवादमा तानिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले वैशाख ३१ गते कास्कीका डा दीपक प्रसाद बास्तोला, चितवनका प्रविन भट्टराई, ललितपुरका महेश्वर भक्त श्रेष्ठ, काठमाडौँका रुपा लामिछाने र स्याङ्जाका लिलाराज ढकाललाई सञ्चालक समितिमा नियुक्त गर्ने निर्णय गरेको थियो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/565221/nepal-airlines-director-appointment-controversy-complaint-against-tourism-ministers-decision**

## दरबारमार्गमा १९औं दरबारमार्ग स्ट्रिट फेस्टिभल

राजधानीको प्रमुख पर्यटकीय तथा व्यावसायिक क्षेत्र दरबारमार्गमा आज १९औं दरबारमार्ग स्ट्रिट फेस्टिभल आयोजना गरिएको छ। 'एक्सट्रिम इनर्जी ड्रिङ्क' को मुख्य प्रायोजनमा आयोजित कार्यक्रमलाई 'एक्सट्रिम स्याटर्डे' नाम दिइएको छ। दरबारमार्ग विकास बोर्डको पहलमा माभरिक्स ग्रुप र आर्बिट्री इभेन्ट्सद्वारा आयोजित महोत्सवमा सबै उमेर समूहका दर्शकका लागि विविध मनोरञ्जनात्मक कार्यक्रम समावेश गरिएको छ। महोत्सवअन्तर्गत बालबालिकाका लागि विभिन्न खेल, ३-३ बास्केटबल, ई-स्पोर्ट्स, सांस्कृतिक झाँकी, कस्प्ले तथा फोटो बुथको व्यवस्था गरिएको छ। त्यस्तै, विभिन्न स्वादका खाना तथा पेय पदार्थका स्टल पनि रहेको छ। बाँकी... स्रोत : **https://www.ratopati.com/story/565133/19th-durbarmarg-street-festival-at-durbarmarg-see-in-photos**

## जैविक विविधता, पर्यावरण र पर्यटन

जैविकमा प्राणी र वनस्पति दुवै पर्छन्। विविधता भनेको भिन्नता, फरकपन वा किसिम हो। जीवित प्राणी र वनस्पतिबीचको भिन्नता, किसिम एवं फरकपनलाई जैविक विविधता भनिन्छ । जैविक विविधताले संसारका सबै क्षेत्र जस्तै : जल, स्थल, समुद्र तथा सिमसारमा रहेका सबै जीवित प्राणी तथा वनस्पतिबीच पाइने फरकपन, प्रकार तथा तिनीहरूबीचको अन्तरसम्बन्ध एवं संयोजनसमेतलाई जनाउँछ । कुनै एक स्थानको वन क्षेत्रमा वनस्पति, पशुपन्छी र अन्य जीव रहेका हुन्छन् । यो जैविक विविधता हो । वन नासिएमा वा आगो लागेमा अरू जीवहरूलाई असर गर्छ। यो तिनीहरूबीचको अन्तरसम्बन्ध हो। बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/377360**

## एकै सिजनमा दोस्रो पटक शिखर चुम्दै पादावा शेर्पाको ३१ औं आरोहण पूरा

सगरमाथा आरोहण इतिहासमा अर्को उल्लेखनीय उपलब्धि थप्दै अनुभवी पर्वतारोहण गाइड पादावा (पासाङदावा) शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथा ३१औं पटक सफलतापूर्वक आरोहण गरेका छन् । यससँगै उनले एकै सिजनमा दोस्रो पटक शिखर चुम्दै आफ्नो कीर्तिमान यात्रा अझ अगाडि बढाएका छन् । ट्याग नेपाल एक्सपिडिसन प्रालिका प्रबन्ध निर्देशक सागरकुमार पौडेलका अनुसार शेर्पा शुक्रबार बिहान ४:२० बजे शिखरमा पुगेका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/05/22/177942189356321179.html**

## सगरमाथा आरोहणको कीर्तिमानी दिन : बुधबार एकै दिनमा २७४ आरोही चुचुरोमा

बुधबार एकै दिन कीर्तिमानी २७४ जना पर्वतारोहीले सगरमाथाको सफल आरोहण गरेका छन् । एक पर्वतारोहण अधिकारीका अनुसार, नेपालतर्फबाट विश्वको सर्वोच्च शिखरमा एकै दिन पुग्ने यो अहिलेसम्मकै सर्वाधिक सङ्ख्या हो । ८,८४९ मिटर अग्लो सगरमाथा नेपाल र चीनको तिब्बत क्षेत्रको सिमानामा अवस्थित छ र यसको आरोहण दुवैतर्फबाट गर्न सकिन्छ । अभियान सञ्चालकहरूका अनुसार, चिनियाँ अधिकारीहरूले कुनै पनि अनुमति जारी नगरेका कारण यस वर्ष तिब्बततर्फबाट कुनै पनि आरोही गएका छैनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937084/record-breaking-day-for-everest-climbing-274-climbers-summit-in-a-single-day-on-wednesday**

## Through The Kaligandaki Gorge To Muktinath

Tour culture is thriving in Nepal lately and so is the need to have a planned itinerary. And carrying one’s own food items, utensils and bedding, that our fathers and grandfathers practised, has already become a thing of the past. at the end of tiresome travel on the road, looking for a place of dining and a night's rest at the eleventh hour can be a nightmare. in our own case, finding a package tour operator became preferable and handy for this reason. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/80685**

## Water Fairy Of Jagdishpu

Jagdishpur Lake in Kapilvastu is Nepal’s largest man-made reservoir and one of the country’s most important wetlands. built in the 1970s to provide irrigation water to farmers, the reservoir has gradually developed into a rich habitat for many resident and migratory birds. recognising its ecological value, the wetland was listed as a Ramsar site in 2003 under the Ramsar Convention on Wetlands of International Importance. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/80679**

## Everest sets triple record in permits, revenue, and single-day summits

This year has turned into a record-breaking season on Mount Everest, Sagarmatha, as Nepal issued the highest number of climbing permits and collected record royalty revenue. it has now also recorded an unprecedented number of successful summits from the Nepali side. a total of 274 climbers successfully reached the top of Mount Everest on Wednesday (May 20), setting a new record for the highest number of ascents in a single day on the world's tallest mountain. बाँकी...

स्रोत : **https://kathmandupost.com/money/2026/05/22/everest-sets-triple-record-in-permits-revenue-and-single-day-summits**

## Top US diplomat Mike Harker scales Mt Everest

A senior US government official successfully scaled Mt Everest this morning, according to an expedition organizer. mike Harker, Public Affairs Chief of the US Embassy in Nepal, stood atop the roof of the world at around 9:15 am on May 20, said Chhang Dawa Sherpa, Expedition Director at Seven Summit Treks. harker currently serves as the public affairs chief at the US Embassy in Nepal, where he directs embassy communications and oversees educational and cultural programming. बाँकी... स्रोत : **https://thetourismtimes.com/news/climbing/top-us-diplomat-mike-harker-scales-mt-everest**

## Himalayan Literature Festival to bring Pulitzer winners and poets to Kathmandu

The Himalayan Literature Festival and Writers' Workshop is happening from May 29 to June 5 at the Malla Hotel. it is organised by poet and journalist Yuyutsu Sharma in collaboration with The Prodigy Project. with more than 75 writers from all over the globe, the theme for this year's festival is 'Ecstasy, Healing and Creative Writing in the New World Order'. the faculty for the festival includes a wide range of novelists, journalists and scholars. बाँकी...

स्रोत : **https://kathmandupost.com/art-culture/2026/05/18/himalayan-literature-festival-to-bring-pulitzer-winners-and-poets-to-kathmandu**

## Annapurna First Ascent Marks 76 Years, Inspiring Marathon

In the history of mountain climbing, Annapurna i, which is over eight thousand meters high, is called the elder mountain of climbing because its ascent was made only after climbing it. the first successful ascent of Annapurna i, which is 8,091 meters above sea level, by French national Maurice Herzog on June 3, 1950, garnered global interest and attention in mountain climbing. बाँकी...

स्रोत : **https://english.ratopati.com/story/63560/sixth-edition-of-annapurna-marathon-on-jestha-20-three-day-trek-in-four-hours**

## भारतको सहयोगमा बन्यो तीनतले विद्यालय भवन

भारतको सहयोगमा सप्तरीको सुरुङ्गा-१ शिशुवारीस्थित जनता माध्यमिक विद्यालयको तीनतले भवन निर्माण भएको छ । भारतीय दूतावासको ८० प्रतिशत र नगरपालिकाको २० प्रतिशत लागत साझेदारीमा तीन करोड १४ लाख ९ हजार ६४० रुपैयाँ लागतमा भवन निर्माण सम्पन्न भएको हो । सूर्यकुण्ड/गोपीकृष्ण जेभीले निर्माण गरेको उक्त भवन समयमै सम्पन्न भएको विद्यालयका प्रधानाध्यापक दिनेशकुमार यादवले जानकारी दिए । भवन उदघाटन कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै नेपालका लागि भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले नेपाल-भारतबीचको बहुआयामिक विकास साझेदारी अन्तर्गत शिक्षा, स्वास्थ्य तथा पूर्वाधार क्षेत्रमा भारतले निरन्तर सहयोग गर्दै आएको बताए । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1936309/three-story-school-building-constructed-with-indian-assistance?](https://www.onlinekhabar.com/2026/05/1936309/three-story-school-building-constructed-with-indian-assistance?)**

## भारततर्फ चिया निर्यातको अवरोध हट्यो, अब हरेक ट्रकको परीक्षण गर्नु नपर्ने

विगत तीन सातादेखि नेपालबाट भारततर्फ हुने चिया निर्यातमा देखिएको अवरोध हटेको छ । भारतको वाणिज्य तथा उद्योग मन्त्रालय मातहत रहेको 'टी बोर्ड अफ इन्डिया' ले चियामा गर्दै आएको अनिवार्य परीक्षण (कम्पल्सरी स्याम्पलिङ) को व्यवस्थालाई फिर्ता लिएपछि नेपाली चियाको निकासी पुनः सहज भएको हो । भारतीय टी बोर्डले मंगलबार राति आफ्नो निर्णयमा संशोधन गर्दै नयाँ सूचना (कोरिजेन्डम-२) जारी गरेपछि नेपाली चिया व्यवसायीहरूले राहत महसुस गरेका छन् । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1935630/obstacles-to-tea-exports-to-india-removed-no-longer-requiring-inspection-of-every-truck](https://www.onlinekhabar.com/2026/05/1935630/obstacles-to-tea-exports-to-india-removed-no-longer-requiring-inspection-of-every-truck)**

## स्वास्थ्यमन्त्री मेहता र भारतीय समकक्षी नड्डाबीच भेटवार्ता

स्वास्थ्य तथा खाद्य सुरक्षामन्त्री निशा मेहता र भारतका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाबिच द्विपक्षीय भेटवार्ता भएको छ । स्वीटजरल्याण्डको जेनेभामा विश्व स्वास्थ्य सङ्गठनले आयोजना गरेको ७९औं विश्व स्वास्थ्य सभामा सहभागी हुने गएको बेला उनीहरूबिच भेटवार्ता भएको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार भेटवार्तामा स्वास्थ्य क्षेत्रमा विद्यमान द्विपक्षीय साझेदारीलाई अझ दिगो र प्रभावकारी बनाउने सम्बन्धमा छलफल भएको छ । बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/564531/health-minister-mehta-meets-with-indian-counterpart-nadda](https://www.ratopati.com/story/564531/health-minister-mehta-meets-with-indian-counterpart-nadda)**

## भारतीय कम्पनीहरूले अमेरिकामा २० अर्ब डलर लगानी गरेका छन् - मार्को रुबियो

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले प्रधानमन्त्री नरेन्द्र मोदीसँगको आफ्नो वार्ताको बारेमा जानकारी दिएका छन् । मार्को रुबियोले भने , "आज हाम्रो भेटघाट एकदमै फलदायी रह्यो। भारतले संयुक्त राज्य अमेरिकाले इन्डो-प्यासिफिक क्षेत्रलाई कसरी हेर्छ भन्ने कुरामा केन्द्रीय भूमिका खेल्छ, क्वाड मार्फत मात्र नभई द्विपक्षीय रूपमा पनि " । बाँकी... स्रोत : **[https://barnanmedia.com/news/detail/277975/](https://barnanmedia.com/news/detail/277975/)**

## भारतीय पर्यटक आकर्षित गर्न ‘कर्णाली टुरिज्म मिट-२०२६’ सुरु

‘अन द ल्याप अफ नेचर एन्ड कल्चर’ अर्थात् ‘संस्कृति र प्रकृतिको काखमा’ भन्ने नारासहित ‘कर्णाली टुरिज्म मिट-२०२६’ सुरु भएको छ । यो कार्यक्रमले कर्णाली प्रदेशलाई अन्तर्राष्ट्रिय पर्यटन बजारसँग जोड्ने अपेक्षा आयोजकको छ। नेपाल पर्यटन बोर्ड र वीरेन्द्रनगर नगरपालिकाको आयोजना तथा होटल व्यवसायी महासंघ सुर्खेत, दुल्लु नगरपालिका गुराँस गाउँपालिकाको समन्वयमा बिहीबार वीरेन्द्रनगरमा सुरु भएको सम्मेलनमा कर्णालीको पर्यटन सम्भावना, सांस्कृतिक वैभव र दिगो पर्यटन विकासबारे बहस गरिएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937543/karnali-tourism-meet-2026-launched-to-attract-indian-tourists**

## तेस्रो मुलुकबाट ल्याएर खानेतेल भारत पठाउँदै नेपाली उद्योग

चालु आर्थिक वर्षको १० महिनाको वैदेशिक व्यापारमा खानेतेल आयात अस्वाभाविक रुपमा बढेको छ। भन्सार विभागको पछिल्लो विस्तृत तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो १० महिना (साउनदेखि वैशाखसम्म) मा मात्रै नेपालले १ खर्ब ४५ अर्ब ३३ करोड रुपैयाँभन्दा बढीको खाने तेल तथा तेलजन्य वस्तु आयात गरेको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/565212/nepali-industry-importing-edible-oil-from-third-countries-and-sending-it-to-india**

## कक्रोच जनता पार्टी’ को वेबसाइट पनि बन्द, अभिजीत दीपकेको घर बाहिर प्रहरी तैनाथ

सीजेआई सूर्यकान्तले युवाहरूलाई लिएर दिएको टिप्पणीपछि इन्टरनेटमा तहल्का मच्चाएको ‘कक्रोच जनता पार्टी’ को आधिकारिक वेबसाइट पनि बन्द गरिएको छ । यसअघि नै पार्टीको एक्स ह्यान्डल भारतमा प्रतिबन्ध लगाइएको थियो । पार्टीका संस्थापक अभिजीत दीपकेले आफ्नो निजी इन्स्टाग्राम अकाउन्ट पनि ह्याक गरिएको दाबी गरेका छन्। बाँकी...

स्रोत : **https://annapurnapost.com/story/500433/**

## के हो भारतको कक्रोच जनता पार्टी ? ७२ घण्टामा बनायो ७० हजार सदस्य

यतिबेला भारतको सामाजिक सञ्जालमा एउटा अनौठो “राजनीतिक पार्टी” निकै चर्चामा छ। यसको नाम “ककरोच जनता पार्टी” राखिएको छ। सुरुमा मजाक र व्यंग्यका रूपमा सुरु भएको यो अभियान अहिले इन्टरनेटमा ठूलो ट्रेन्ड बनेको देखिएको छ। सार्वजनिक दाबीअनुसार स्थापना भएको केही दिनमै हजारौँ मानिस यससँग जोडिएका छन्। भारतमा नयाँ राजनीतिक दल गठन हुनु कुनै नौलो विषय होइन । तर यसपटकको कथा भने फरक छ। यहाँ न त ठूलो सभा आयोजना गरियो, न कुनै भव्य मञ्च सजाइयो, न झण्डा र भीड देखियो। बाँकी... स्रोत : **https://www.corporatenepal.com/story/280989**

## भारतमा भाइरल बन्दै युवाको ‘कक्रोच जनता पार्टी’

अभिजीत दिपकेले पछिल्लो ७२ घण्टामा मुस्किलले मात्र सुत्न पाएका छन् । एउटा सामान्य ठट्टाले अनपेक्षित मोड लिएपछि उनी सामाजिक सञ्जालमा आएका सन्देशहरूको ओइरोलाई सम्हाल्न व्यस्त छन् । संयुक्त राज्य अमेरिकाको बोस्टन विश्वविद्यालयबाट ‘पब्लिक रिलेसन’ मा भर्खरै स्नातक गरेका ३० वर्षीय यी युवा आफैँ अचम्ममा छन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935832/kakroch-janata-party-goes-viral-in-india-youth-unite-against-chief-justices-comments**

## लिपुलेक सम्बन्धी कूटनीतिक नोटमा चीन 'मौन'

भारत र चीनले लिपुलेक पास प्रयोग गर्न लागेको विरोधमा गत वैशाखमा नेपाल सरकारले दुबै देशलाई कूटनीतिक नोट पठायो । भारतले यस नोटको जवाफ केही घण्टाभित्रै दियो। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले लिपुलेक मार्ग सन् १९५४ देखि प्रयोग हुँदै आएको पुरानो मार्ग भएको र यो कुनै नयाँ विकासक्रम नभएको दाबी गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937037/china-silent-on-diplomatic-note-regarding-lipulekh**

## भारतीय रुपैंयाँ किन भइरहेको छ लगातार कमजोर ? यस्ता छन् तीन कारण

कुनै पनि देशको मुद्राको मजबुती वा कमजोरीले त्यहाँको अर्थतन्त्रको स्वास्थ्य कस्तो छ भन्ने देखाउँछ । सामान्यतया जुन देशको अर्थतन्त्र छिटो बढिरहेको हुन्छ, त्यसको मुद्रा पनि बलियो हुन्छ । भारतको अर्थतन्त्र वृद्धि दर अहिले पनि राम्रो छ, तर त्यसका बाबजुद २०१८ देखि प्रत्येक वर्ष रुपया कमजोर हुँदै गएको छ । २०१३ मा जब नरेन्द्र मोदीलाई भारतीय जनता पार्टीले प्रधानमन्त्री पदको उम्मेदवार बनायो, त्यतिबेला उनले कमजोर हुँदै गएको रुपैयाँलाई लिएर तत्कालीन सरकारविरुद्ध प्रभावकारी राजनीतिक अभियान चलाएका थिए । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/500291/**

## दिल्लीको छोटो यात्रा भाग ३ : कनट प्लेस

भारतको राजधानी भएकोले दिल्लीमा विभिन्न जातजाति, धर्मावलम्वी र भाषाभाषीहरूको बसोवास छ । हिन्दू र मुसलमानको वाहुल्य भएको यो शहरको इतिहास पनि यिनै दुई धर्म मान्ने शासकहरूले कोरेका हुन् । पछि बेलायतको साम्राज्य अन्तर्गत भारत झण्डै ८९ वर्षसम्म बेलायतको प्रत्यक्ष शासन अन्तर्गत रह्यो । बाँकी... स्रोत : **https://www.dcnepal.com/2026/05/760163/**

## अमेरिकी विदेशमन्त्री मार्को रुबियो भारत आउँदै

अमेरिकाका विदेशमन्त्री मार्को रुबियो भारत आउने भएका छन् । रुबियोको भारत भ्रमण शनिबारदेखि सुरू हुँदैछ । 'आकाशवाणी' का अनुसार विदेशमन्त्री रुबियो चार दिने भारत भ्रमणमा आउन लागेका छन् । भ्रमणका दौरान उनी दिल्ली, जयपुर, कोलकाता र आगरा जाने कार्यक्रम तय भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937033/us-secretary-of-state-marco-rubio-to-visit-india**

## परराष्ट्रमन्त्रीलाई रास्वपा सांसदको प्रश्न : 'सुगौली सन्धिको कपी कहाँ छ ?'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद धनन्जय रेग्मीले सुगौली सन्धिको कपी पढ्न नपाएको बताएका छन् । बुधबार प्रतिनिधि सभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् । मन्त्री शिशिर खनाल उपस्थित बैठकमा रेग्मीले भने, 'बोर्डरको समस्या के हो ? बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935600/rsvp-mps-question-to-the-foreign-minister-where-is-the-copy-of-the-sugauli-treaty**

## जब बेइजिङमै ट्रम्पलाई भनियो- तिमी त चीनका निर्माता !

निकै व्यवस्थित रूपमा इन्जिनियरिङ गरिएको ट्रम्पको चीन भ्रमणको व्यवस्थापन र चिनियाँ राष्ट्रपति सीको उद्घोषले इतिहासमा घटिरहेको यसप्रकारको शताब्दीलाई प्रभावित गर्ने घटनालाई उत्सवको रूपमा परिणत गरिदिएको छ । 'आफ्नो क्षमता लुकाऊ र उचित समय पर्ख । चीनले नेतृत्वको दाबी गर्नुहुँदैन, झन्डा हल्लाउँदै हिंड्नुहुँदैन र प्रभुत्वको खोजी गर्नुहुँदैन ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935560/when-trump-was-told-in-beijing-you-are-the-creator-of-china**

## Nepal Embassy invites Indian content creators to promote tourism through FAM trip

The Embassy of Nepal in New Delhi has invited applications from Indian social media influencers, vloggers and digital content creators for a familiarisation trip to Nepal, according to a notice issued on May 20, 2026. the Embassy plans to select five Indian content creators to visit Nepal and produce digital content promoting the country's natural beauty, cultural heritage, spiritual sites and diverse tourism offerings. बाँकी... स्रोत : **https://thehimalayantimes.com/nepal/nepal-embassy-invites-indian-content-creators-to-promote-tourism-through-fam-trip**

## लोकतन्त्रलाई धक्का दिने खालको संविधान संशोधन जनताले गर्न दिँदैनन्

सरकारले संविधान संशोधनका लागि गृहकार्य अघि बढाउँदै 'संविधान संशोधन बहसपत्र मस्यौदा कार्यदल' बनाएको छ । यो कार्यदलका तर्फबाट हामीलाई पत्र आएपछि पूर्वमहान्यायाधिवक्ताहरू त्यहाँ गएका थियौँ । संविधान संशोधनका विषयहरूमा हामीले आफ्ना कुरा राख्यौँ । मुख्यकुरा जनताका अधिकार र लोकतन्त्रको पक्षमा सबैको चासो रह्यो । संविधानमा अग्रगामी निकासका लागि कतिपय अस्पष्टता होलान् र त्यसलाई स्पष्ट गर्न संविधान संशोधन गर्न जरुरी छ भन्ने छँदैछ, तर यो संविधानबाट प्राप्त उपलब्धिहरूलाई कटौती हुने गरी संशोधन गर्न मिल्दैन भन्यौँ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/564360/the-people-will-not-allow-constitutional-amendments-that-would-undermine-democracy**

## प्रधानमन्त्री बालेनको समय

प्रधानमन्त्रीका हरेक क्रोध र आवेशका अर्थहरू होलान् । तर, ती अर्थहरूको पनि खासमा कुनै अर्थ छैन । उहाँले रवि लामिछाने नेतृत्वको रास्वपालाई बहुमत दिलाउनुभयो । त्यो अभिमानले उहाँलाई थिचेको छ । अविकसित समाजमा लोकतन्त्रको अवसानका लागि कुनै ठूलो कारण चाहिँदैन । लोकतन्त्रको स्थापना जति सहज ढंगले हुन्छ, त्यत्ति नै सहज ढंगले यसको अवसान पनि हुने गर्छ । संसारका सबै लोकतन्त्रवादीका लागि यो रोचक र महत्त्वपूर्ण प्रश्न हो । सधैं जनताको पक्षमा रहने 'लोकतन्त्र' दूरदृष्टिबिनाको शासन र समाजको असक्षम राजनीतिक व्यवस्थापनका कारण बेला-बेलामा चर्मराउने गर्छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/05/23/prime-minister-balens-time-24-05.html**

## सरकारको महत्वाकांक्षी नीति तथा कार्यक्रम

नेपालको राजनीतिक इतिहासमा हरेक नयाँ सरकारले अति महत्वाकांक्षी योजना ल्याउँदै आएका छन्। अहिले बालेन्द्र शाह नेतृत्वको सरकारको नीति, कार्यक्रम पनि कम महत्वाकांक्षी छैन। किनभने, यो सरकार पनि पुरानै धरातल टेकेर अघि बढेको र बाहिर परिवर्तनको हल्ला देखिए पनि बिस्तारै यथास्थितिकै गोलचक्करमा फस्दै गएको देखिन्छ। किनभने, अहिलेको देशमा संरचना जो छ, कुकुरको पुच्छरजस्तो छ। बाँकी… स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195575/2026-05-21#**

## सुरुमा बधाई र निम्तो, अहिले खटपट

फागुन २१ गतेको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ बहुमतका साथ विजय हासिल गरेपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह र सभापति रवि लामिछानेलाई फोन गरेर शुभकामना तथा बधाई दिएका थिए । बाँकी…

स्रोत : **https://www.ratopati.com/story/564832/first-congratulations-and-invitations-now-chaos**

## सुधारका लागि हो, राज्य संस्थालाई कमजोर पार्न होइन

नेपालको राजनीतिमा आएको पछिल्लो परिवर्तनलाई लिएर अहिले असाध्यै भावनात्मक बहस भइरहेको छ । एकथरीले नयाँ सरकारलाई 'नयाँ युग' घोषणा गरिसकेका छन् भने अर्कोथरी हरेक कदममा असफलता खोज्न व्यस्त छ । तर, लोकतन्त्र भावनाले होइन, तथ्य र संस्थागत सन्तुलनले चल्छ । दजनताले नयाँ शक्ति रोज्नुको कारण स्पष्ट थियो । बाँकी… स्रोत : **https://newsofnepal.com/2026/05/20/769225/**

## न्यायालयको नेतृत्वमा शर्मा

संवैधानिक परिषद्बाट सिफारिस भएको १२ औं दिन मंगलबार मनोजकुमार शर्मा प्रधानन्यायाधीशमा नियुक्त भएका छन् । 'फास्ट ट्र्याक' को संसदीय सुनुवाइबाट अनुमोदन हुनासाथ नियुक्ति पाएका उनले शपथग्रहण पनि गरिसकेका छन् । ३३ प्रधानन्यायाधीशका रूपमा शर्माले मंगलबार नै जिम्मेवारी पनि सम्हालेका छन् । संवैधानिक परिषद्ले २४ वैशाखमा शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । सर्वोच्चका न्यायाधीशमध्ये वरिष्ठलाई प्रधानन्यायाधीश बनाउने परम्पराविपरीत चौथो वरीयताका शर्मालाई सिफारिस गरिएपछि अनेक टीकाटिप्पणी भएका थिए । बाँकी…

स्रोत : **https://ekantipur.com/news/2026/05/20/sharma-under-the-leadership-of-the-judiciary-48-34.html**

## नबोल्ने यी प्रधानमन्त्री, बोलेरै नथाक्ने ती प्रधानमन्त्री

राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्री बालेन्द्र शाहले दिनुपर्ने भन्दै विपक्षीहरूले ३० वैशाखमा संसद् अवरूद्ध गरे । सरकारको नीति तथा कार्यक्रममा उठेका प्रश्नहरूको प्रधानमन्त्रीले जवाफ दिनुपर्ने परम्परा भए पनि शाहले त्यसलाई तोडे । विपक्षीहरूको संसद्मा विरोध भइरहेका बेला प्रधानमन्त्रीको तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्मा उठेका प्रश्नहरूको जवाफ दिए । त्यसपछि १ जेठमा विपक्षीहरूको विरोधबीच सरकारको नीति तथा कार्यक्रम संसद्बाट बहुमतले पारित भयो । बाँकी…

स्रोत : **https://ekantipur.com/politics/2026/05/19/can-the-prime-minister-work-without-speaking-publicly-25-57.html**

## काठमाडौंकी कार्यवाहक मेयर डंगोललाई कान्सका मेयरले गरे स्वागत

काठमाडौं महानगरपालिकाकी कार्यवाहक मेयर सुनिता डंगोललाई ७९औं कान्स फिल्म फेस्टिभलको रेड कार्पेट समारोहअघि मंगलबार साँझ कान्सका मेयर डेभिड लिसनार्डले सिटी हलमा स्वागत गरेका छन् । होटल डे भिल्लेमा भएको द्विपक्षीय भेटवार्ताले चलचित्रका लागि युनेस्कोद्वारा मान्यता प्राप्त दुई 'क्रियटिभ सिटी'बीचको सम्बन्धलाई थप अर्थपूर्ण बनाएको बताइएको छ । काठमाडौंका लागि यो अवसर विश्व फिल्म समुदायका स्थापित सहरहरूसँगै आफूलाई पनि चलचित्र सहरका रूपमा प्रस्तुत गर्ने महत्वपूर्ण क्षण बनेको उल्लेख गरिएको छ । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1935579/acting-mayor-of-kathmandu-dangol-welcomed-by-the-mayor-of-cannes](https://www.onlinekhabar.com/2026/05/1935579/acting-mayor-of-kathmandu-dangol-welcomed-by-the-mayor-of-cannes)**

## राज्य सञ्चालनमा अनुभव र विचारको सन्तुलन

राज्य सञ्चालन एउटा गम्भीर जिम्मेवारी हो, जहाँ जोससँगै होसको उत्तिकै आवश्यकता पर्छ । रास्वपाले युवा नेतृत्वको ऊर्जालाई अनुभवी विज्ञहरूको ज्ञानसँग जोडेर एउटा सुदृढ पद्धति निर्माण गर्नुपर्छ । यसपटक पनि वैशाख ११ आयो-गयो । अघिल्ला वर्ष जस्तो यस वर्ष यो दिनको खास चर्चा भएन । नेपालको लोकतान्त्रिक इतिहासमा वैशाख ११ एउटा महत्वपूर्ण मोड हो, जसले जनताको शक्तिलाई स्थापित गऱ्यो । यसै लोकतान्त्रिक खुलापनको जगमा आज राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरू उदाएका छन् । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1933902/balance-of-experience-and-ideas-in-state-governance](https://www.onlinekhabar.com/2026/05/1933902/balance-of-experience-and-ideas-in-state-governance)**

## औद्योगिक पूर्वाधार विकास पुनर्संरचना र लगानी प्राथमिकीकरण

नेपाल सरकारले घोषणा गर्ने र ३ करोडसम्म रकम अनुदान दिने व्यवस्था अनुसार स्थानीय सरकारले खोला किनार, जंगल आदिमा औद्योगिक ग्राम घोषणा गराइ संघीय सरकारबाट निकासा भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका कारण आज औद्योगिक ग्राम नामभन्दा बदनाम बढी हुन पुगेको छ । नेपालमा उद्योग स्थापनाको इतिहास धेरै लामो छैन । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1933678/industrial-infrastructure-development-restructuring-and-investment-prioritization](https://www.onlinekhabar.com/2026/05/1933678/industrial-infrastructure-development-restructuring-and-investment-prioritization)**

## सहकारी पीडितको बचत फिर्ता गर्ने चक्रीय कोषमा सरकारले थप २५ करोड दिने

समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता गर्ने चक्रीय कोषमा सरकारले थप २५ करोड रुपैयाँ उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्षको बजेटमा भएको व्यवस्था अनुसार सरकारले २५ करोड रुपैयाँ विनियोजन गरेकोमा थप २५ करोड पनि दिने तयारी गरेको हो । सरकारले दिने थप २५ करोड रुपैयाँसहित कोषमा सरकारको तर्फबाट ५० करोड योगदान हुनेछ। सरकारले समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता गर्न चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, ०८३ बनाइ लागु गरिरहेको छ । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1935298/the-government-will-provide-an-additional-250-million-to-the-revolving-fund-to-return-savings-of-cooperative-victims](https://www.onlinekhabar.com/2026/05/1935298/the-government-will-provide-an-additional-250-million-to-the-revolving-fund-to-return-savings-of-cooperative-victims)**

## आर्थिक गणना प्रभावकारी बनाउन तथ्याङ्क कार्यालय र सीएनआईबीच सम्झौता

राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल चेम्बर अफ कमर्सबीच आर्थिक तथा व्यावसायिक क्षेत्रका तथ्याङ्क विकास, व्यवस्थापन तथा राष्ट्रिय आर्थिक गणना २०८२ लाई प्रभावकारी रूपमा सम्पन्न गर्ने उद्देश्यसहित समझदारीपत्रमा हस्ताक्षर भएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935203/agreement-between-statistics-office-and-cni-to-make-economic-census-effective**

## १७ वर्षदेखि लेखा परीक्षण आलटाल गर्दै सार्वजनिक संस्थान

नेपालका कतिपय सार्वजनिक संस्थान १७ वर्षदेखि लेखा परीक्षण नगरी सञ्चालनमा रहेको देखिएको छ । महालेखा परीक्षकको कार्यालयका अनुसार नेपाल ओरिएन्ड म्याग्नेसाइटले १७ वर्षदेखि लेखा परीक्षण गराएको छैन। उसले आर्थिक वर्ष २०६४/६५ देखि लेखा परीक्षण गराएको छैन। त्यस्तै साझा प्रकाशनले १२ वर्षदेखि लेखा परीक्षण नगराएको महालेखाको ६३औं प्रतिवेदनमा उल्लेख छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1934995/public-institution-delaying-audit-for-17-years**

## मुस्ताङमा पहिलोपटक एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गरिँदै

मुस्ताङमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती सुरु गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमले मुस्ताङका उच्चलेंक, खर्क र पाटनमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गर्न सुरु गरिएको जनाएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935469/forest-patrolling-being-conducted-using-ai-drone-technology-for-the-first-time-in-mustang**

## अब अनलाइनबाटै प्रहरीमा उजुरी दिन सकिने

नेपाल प्रहरीसम्बन्धी कुनै गुनासा तथा उजुरीहरू अनलाइनबाटै गर्न सकिने भएको छ। नेपाल पुलिस एप सार्वजनिक गर्दै प्रहरी प्रधान कार्यालयले अब अनलाइनबाटै उजुरी गर्न सकिने व्यवस्था मिलाएको हो। प्रहरी प्रधान कार्यालय नक्सामा मंगलबार एक कार्यक्रम गर्दै प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले नागरिक सहायता तथा गुनासो व्यवस्थापन अनलाइन प्रणालीको शुभारम्भ गरे। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935246/you-can-now-file-a-police-complaint-online**

## प्रस्तावित प्रधानन्यायाधीशलाई वर्षमान पुनका ५ प्रश्न

नेकपा सांसद वर्षमान पुनले प्रस्तावित प्रधानन्यायाधीश वर्षमान पुनलाई विभिन्न प्रश्न गरेका छन् । प्रस्तावित प्रधानन्यायाधीश डा. मनोज शर्मामाथि केहीबेरदेखि संसदीय सुनुवाइ चलिरहेको छ। यसैबीच सांसदहरूले उनलाई विभिन्न प्रश्नहरू राखिरहेका छन् । -नेपोबेबी भन्ने आएको छ। पारिवारिक फेबर छ भन्ने छ। अदालतम ग्रुपिजम र फेबरको कुरा छ। यसमा आगमी दिनम कसरी काम गर्नुहुन्छ ? -कार्यसम्पादनमा पनि प्रश्न छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935073/barshaman-puns-5-questions-for-the-proposed-chief-justice**

## मीनबहादुरले दानमा दिएको जग्गा एमालेले फिर्ता गर्ने

एमालेले व्यवसायी मीनबहादुर गुरूङले आफ्नो तर्फबाट अनुदानमा बनाइदिने कार्यालय भवन नलिने भएको छ। जग्गा दानसहित भवन दिने गुरुङको प्रस्तावलाई नेकपा एमालेले धन्यावादसहित फिर्ता गर्ने भएको छ। सचिवालय बैठकमा प्रस्तुत प्रस्तावमा गुरुङबाट दानमा लिने भनिएको भवनको प्रस्ताव फिर्ता गरेर बल्खुमै कार्यालय बनाउने उल्लेख छ। 'कलंकीमा भवन निर्माणको प्रस्ताव गर्ने दाता (मीनबहादुर गुरुङ दम्पत्ति) लाई धन्यवाद सहित उहाँहरूको प्रस्ताव फिर्ता गर्ने र अब नयाँ कार्यालय भवन मदननगर, बल्खुमै निर्माण गर्ने निर्णय गर्ने,' एमालेको प्रस्ताव छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1936624/uml-to-return-min-gurungs-proposal-with-thanks**

## सदनमा प्रधानमन्त्रीको खोजीपछि प्रधानमन्त्री भेट्न पुगे सभामुख

प्रधानमन्त्री बालेन शाह र सभामुख डीपी अर्यालबीच भेटवार्ता भएको छ। प्रतिनिधिसभा बैठकमा विपक्षी दलले प्रधानमन्त्रीको खोजीपछि संसद् बैठक स्थगित गरी सभामुख प्रधानमन्त्रीलाई भेट्न पुगेका हुन्। प्रधानमन्त्री र सभामुखबीच करिब आधाघण्टा कुराकानी भएको थियो। सभामुखले सबै विपक्षी दलका नेताहरूसँग पनि भेटेका छन्। प्रधानमन्त्री बालेन्द्र शाहको खोजी गर्दै विपक्षी सांसदहरूले प्रश्न उठाइरहेका छन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1936608/meeting-between-prime-minister-and-speaker-continues**

बाँकी... स्रोत : **https://www.ratopati.com/story/564703/speaker-dp-visits-prime-minister-balen**

## बजेट २०८३/८४ : करको बोझ घटाउने तयारी

दुई दशकयताकै कर संरचनाको पुनरवलोकन गर्न अर्थ मन्त्रालयमा तीव्र गृहकार्य चलिरहेको छ। आगामी आर्थिक वर्षबाट करको संरचनामा पुनरवलोकन गरी उद्यमी तथा मध्यम वर्गीय परिवारमाथि करको बोझ घटाइने नीति तथा कार्यक्रमअनुसार अर्थ मन्त्रालयले घनिभूत रूपमा गृहकार्य गरिरहेको सम्बद्ध अधिकारीहरूले बताएका छन्। उनीहरूका अनुसार करको बोझ कम गर्न आगामी बजेटसँगै आउने आर्थिक ऐनबाट दरहरू घटाउन अन्तिम गृहकार्य भइरहेको छ। बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/458892/budget-2083-84--preparations-to-reduce-tax-burden/**

## सत्ता फेरबदलको गोलचक्करमा बागमती सरकारः केन्द्रको इसारा कुर्दै गठबन्धन

नेपाली कांग्रेस र नेकपा एमालेको आलोपालो सरकार सञ्चालनसम्बन्धी सहमतिअनुसार बागमती प्रदेशमा कांग्रेसले सरकार सञ्चालन गर्ने समय अवधि चैत ८ गतेसम्म मात्र थियो। यद्यपि जेठको पहिलो साता पुगिसक्दा पनि उक्त सहमति पालना हुन सकेको छैन। बागमती प्रदेशमा कांग्रेसका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ छन्। अहिले मुख्यमन्त्री परिवर्तनको विषयमा कांग्रेस, एमालेका नेताहरू केन्द्रीय नेताको निर्णय कुरेर बसिरहेका छन्। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/provincial-government-in-a-roundabout-of-power-change-coalition-waiting-for-the-center-s-signal-br-48-10.html**

## निजामती ऐनअन्तर्गत ३६ वटा नियम बनाउने अधिकार सरकारमै रहने प्रस्ताव

प्रस्तावित सङ्घीय निजामती सेवा ऐनअन्तर्गत ३६ वटा नियम बनाउने अधिकार सरकारमै रहने प्रस्ताव गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा यस्तो प्रस्ताव गरिएको हो। यो विधेयक अर्थ मन्त्रालयबाट स्वीकृत भएर सङ्घीय मामिला मन्त्रालयमै फिर्ता भइसकेको छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा स्वीकृतिका लागि पठाउने तयारी भइरहेको विधेयकको मस्यौदाको दफा १४७ मा नियम बनाउने अधिकारसम्बन्धी व्यवस्था छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937078/proposal-to-retain-the-authority-to-make-36-rules-under-the-civil-service-act**

## देशभर सार्वजनिक गाडीको नयाँ दर्ता रोक्का

यातायात व्यवस्था विभागले देशभर सम्पूर्ण सार्वजनिक सवारी साधनहरूको नयाँ दर्तामा रोक लगाएको छ। विभागले बढ्दो ट्राफिक जाम, वायु प्रदूषण र सडकको चापलाई कारण देखाउँदै अर्को सूचना जारी नभएसम्मका लागि सार्वजनिक सवारी दर्ता रोक्ने निर्णय गरेको हो। विभागका निर्देशक मणि राम भुसालले जेठ ७ गते जारी गरेको परिपत्र सातवटै प्रदेशका सम्बन्धित मन्त्रालय (भौतिक पूर्वाधार, श्रम तथा यातायात व्यवस्था मन्त्रालयहरू) र देशैभरिका सबै स्थानीय तहलाई पठाइएको छ। विभागले जारी गरेको पत्रमा इन्धनबाट चल्ने मात्र नभई 'इलेक्ट्रिक (विद्युतीय) सार्वजनिक सवारी साधन' को समेत नयाँ दर्ता रोक्न स्पष्ट निर्देशन दिइएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937039/new-registration-of-public-vehicles-suspended-across-the-country**

## आईजीपी र एपीजी अन मनि लण्डरिङ प्रतिनिधिबीच भेट

प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्की र एसिया प्यासिफक ग्रुप (एपीजी) अन मनि लण्डरिङ (सम्पत्ति सुद्धीकरण) का प्रतिनिधिबीच भेट भएको छ । एपीजी मनि लण्डरिङका डेपुटी एक्ज्युकेटिभ सेक्रेटरी डेभिड सानोन भेटघाटको क्रममा उनीहरुबीच सम्पत्ति शुद्धीकरण सम्बन्धी सघन निगरानीको सूची (ग्रे लिस्ट) मा नेपाललाई राखिएको अवस्थाबाट बाहिर निस्कन नेपालले प्रस्तुत गरेको कार्ययोजनाको सन्दर्भमा छलफल भएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935000/meeting-between-igp-and-apg-on-money-laundering-representative**

## RSP lawmaker Karki under scrutiny over allegations of abandoning pregnant Nigerian woman

The Rastriya Swatantra Party has launched an internal investigation into its lawmaker Krishna Kumar Karki over allegations that he impregnated a Nigerian woman and later abandoned her. the move comes after the issue was raised in Parliament and widely discussed on social media. बाँकी...

स्रोत : **https://kathmandupost.com/national/2026/05/20/rsp-lawmaker-karki-under-scrutiny-over-allegations-of-abandoning-pregnant-nigerian-woman**

## कांग्रेस केन्द्रीय लेखा समितिमा तीन सदस्य मनोनयन

नेपाली कांग्रेसले केन्द्रीय लेखा समितिमा तीन जना नयाँ सदस्य मनोनयन गरेको छ । पार्टी सभापति गगन थापाले केन्द्रीय सदस्य भरतकुमार शाहको संयोजकत्वमा रहेको समितिमा उनीहरूलाई आइतबार मनोनयन गरेका हुन् । पार्टीको विधान २०७७ (संशोधन सहित) धारा ३८ को उपधारा १ बमोजिम यो मनोनयन गरिएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/563830/three-members-nominated-to-congress-central-accounts-committee**

## सर्वोच्च अदालतको ३३औं कमान्डर बने शर्मा

सर्वोच्च अदालतको ३३औं प्रधानन्यायाधीशका रूपमा डा. मनोजकुमार शर्मा नियुक्ति हुनुभएको छ । संसदीय समितिको अनुमोदनपछि राष्ट्रपति रामचन्द्र पौडेलले डा. शर्मालाई प्रधानन्यायाधीशमा नियुक्त गर्नुभएको हो । गत वैशाख २४ गते बिहीबार बसेको संवैधानिक परिषद्ले चौथो वरीयताक्रममा रहेका डा. शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/20/769228/**

## कामविहीन भएका सचिवको व्यवस्थापन असार ७ गतेभित्र

सरकारले २१ वटा मन्त्रालयमध्ये ४ वटा मन्त्रालय खारेज तथा गाभेर १७ वटा बनाएपछि ती मन्त्रालयका सचिवहरू अहिले कामविहीन अवस्थामा पुगेका छन् । नयाँ बनाइएका मन्त्रालयको 'ओ एन्ड एम' सर्वेक्षण गरी सचिवहरूको व्यवस्थापन गर्न सरकारले एक महिनाको समावधि तोकेको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/20/769231/**

## राष्ट्रपतिसमक्ष प्रधानन्यायाधीश शर्माले लिनुभयो पद तथा गोपनीयताको शपथ

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले पद तथा गोपनीयताको शपथ लिनुभएको छ । मंगलबार राष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहमा राष्ट्रपतिसमक्ष उहाँले शपथ ग्रहण गर्नुभएको हो । नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले मंगलबार नै शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/206613**

## विद्यालय तहको पाठ्यक्रम परिमार्जन हुँदै

मुलुकको बदलिँदो परिवेशलाई समेट्ने गरी सरकारले विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्ने प्रक्रिया सुरु गरेको छ । प्रारम्भिक बालविकास (इसिडी) देखि कक्षा १२ सम्मको समग्र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्न लागिएको हो । यसका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका डिन प्राडा बालचन्द्र लुइटेलको संयोजकत्वमा पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरेको छ । नौ सदस्यीय कार्यदलले मङ्गलबार शिक्षामन्त्री सस्मित पोखरेलसँग पहिलो बैठक गरेर औपचारिक रूपमा काम अघि बढाएको छ । कार्यदलले छ महिनाभित्रमा प्रतिवेदन तयार पार्ने गरी काम अघि बढाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/206625**

## दैलेखको ग्यास उत्खनन अन्योलमा, दबाब बढाउँदै स्थानीय तह

यहाँको भैरवी गाउँपालिका-१, जलजले क्षेत्रमा जमिनमुनि ठुलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भइसकेको छ । तर, दोस्रो चरणको मुख्य काम अगाडि बढ्न नसक्दा यो महत्त्वपूर्ण परियोजना अहिले अन्योलमा परेको छ । प्रारम्भिक अध्ययनले नेपाललाई वर्षौंसम्म पुग्ने ग्यासको सम्भावना देखाएपछि एक समय राष्ट्रिय चर्चामा रहेको यो आयोजना अहिले ठोस कार्यतालिका अभावमा सुस्ताएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/206699**

## प्रतिनिधिसभा निर्वाचन विधेयक, २०८३ सदनमा पेश

प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ प्रतिनिधि सभामा पेश भएको छ । बुधबार बसेको प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सो विधेयक पेश गर्नुभएको हो । त्यसैगरी उहाँले मतदाता नामावली ( पहिलो संशोधन) विधेयक, २०८३ पनि पेश गर्नुभयो । प्रतिनिधि सभाको अर्को बैठक जेठ ७ गते बिहीबार बिहान ११ बजे बस्नेगरी स्थगित भएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/206719**

## संसदमा बोल्न रास्वपा सांसदले लिए च्याटजीपीटीको सहारा, त्यसो नगर्न सचेतकले गराइन् सचेत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरुले प्रतिनिधि सभा बैठकमा बोल्नका लागि च्याट जीपीटीको प्रयोग बढाएपछि पार्टीले सचेत गराएको छ । संसदमा बोल्ने विषयवस्तु बनाउन एआईको प्रयोग बढ्दै गएपछि सचेतक क्रान्तिशिखा धितालले आइन्दा त्यसो नगर्न सांसदहरुलाई सचेत गराएकी हुन् । रास्वपाका एक सांसदका अनुसार सचेतक धितालले बोल्ने विषय पाए नबोल्न तर च्याट जीपीटीको सहारा नलिन निर्देशन दिएकी छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935627/rsp-mp-uses-chatgpt-to-speak-in-parliament-whip-warns-him-not-to-do-so-in-future**

## नेपालमै पहिलो पटक बडिगाडमा हाइड्रोजन ग्यासबाट खाना पकाउने परीक्षण सफल

नेपालामै पहिलो पटक बागलुङको बडिगाडमा हरित ऊर्जा-हाइड्रोजन ग्यास उत्पादनमार्फत खाना पकाउने प्रविधिको सुरुवात गरिएको छ । बडिगाड गाउँपालिकामा २०६६ सालमा स्थापना भएको गिरिङ्दी खोला लघु जलविद्युत् सहकारी संस्थाबाट उत्पादित विद्युत्बाट खाना पाउने हाइड्रोजन ग्यास उत्पादन गरी प्रयोगमा ल्याइएको छ । बाँकी... स्रोत : **https://kantipurtv.com/news/2026/05/19/1779184928.html**

## ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यमा सघाउ पुग्ने गरी बजेट निर्माण हुँदैछ : सचिव दवाडी

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयकी सचिव सरिता दवाडीले सरकारले सन् २०३५ सम्म ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य अघि सारेकाले लक्षित योजनालाई सघाउ पुर्‍याउनेगरी बजेट निर्माणको काम अघि बढाइएको बताएकी छिन् । राष्ट्रिय सभा अन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा उनले  ठूला जलाशययुक्त आयोजना तथा रन-अफ-रिभर आयोजनाहरूलाई समानान्तर रूपमा अघि बढाउने जानकारी दिइन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1934299/budget-preparation-work-has-progressed-to-support-the-target-of-generating-30000-mw-of-electricity-secretary-dawadi**

## 'हामीले चाहने हो भने राष्ट्रिय सभामै सरकारलाई अप्ठ्यारो पार्न सक्छौं'

परिवर्तन र क्रान्तिकारिताको नाममा हरेक कुरालाई तोडेर जान्छु भन्दाखेरिको अवस्था विस्तारै देखिन थालेको छ। अब यसले निरन्तरता नपाओस्, उहाँहरूलाई मेरो शुभकामना छ! तर उहाँहरूको क्रियाकलाप देख्दा यो निरन्तरता मात्रै होइन, यसले अझ कठोर रूप लिएर मुलुकलाई कतै अप्ठ्यारोमा पार्छ कि भन्ने डर पनि लाग्न थालेको छ । नेपाली कांग्रेसले संसदीय दलको नेता चयन गर्न ढिलो गर्दा संवैधानिक परिषद् गठन हुन समय लाग्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933906/if-we-want-we-can-embarrass-the-government-in-the-national-assembly-itself**

## कस्ता अभिव्यक्ति असंसदीय ?

प्रतिनिधिसभामा सरकारको नीति तथा कार्यक्रममाथि छलफलमा २९ वैशाखमा एमाले नेता रामबहादुर थापा (बादल) ले रास्वपाको राजनीतिक उदय र सेनाका विषयमा दिएको अभिव्यक्तिलाई आपत्तिजनक भन्दै रास्वपाका सांसद मनीष खनालले 'रेकर्ड' बाट हटाउन माग गरे। सेनासम्बन्धी अभिव्यक्ति हटाउन राप्रपा सांसद खुश्बु ओलीले पनि माग गरेकी थिइन्। भोलिपल्ट सभामुख डोलप्रसाद अर्यालले थापाका अभिव्यक्तिलाई 'असंसदीय' भन्दै संसद्को रेकर्डबाट हटाउन आदेश दिए। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/05/18/what-expression-unparliamentary-55-41.html**

## प्रस्तावित प्रधानन्यायाधीशको संसदीय सुनुवाइ सकियो, केहीबेरमा निर्णय आउने

सर्वोच्च अदालतका प्रस्तावित प्रधानन्यायाधीश मनोज शर्माको संसदीय सुनुवाइ सम्पन्न भएको छ । सुनुवाइमा सुनुवाइ समितिका सदस्यहरूले प्रस्तावित प्रधान्यायाधीश शर्मालाई प्रश्नहरू सोधेका थिए । उनले प्रश्नहरूमाथि जवाफ दिइसकेपछि समिति सभापति बोधनारायण श्रेष्ठले पुरक प्रश्नका लागि सदस्यहरूलाई समय दिएका थिए । पुरक प्रश्न नभएपछि सुनुवाइ सकिएको जानकारी गराएका थिए । उनले प्रश्नको जवाफ दिनेक्रममा सर्वोच्च अदालतमा गुटबन्दी नरहेको दाबी पनि गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935135/parliamentary-hearing-on-proposed-chief-justice-complete-decision-to-be-announced-shortly**

## प्रदेश सरकारहरू परिवर्तनको अन्तिम कसरतमा कांग्रेस-एमाले

नेपाली कांग्रेस र नेकपा एमालेबीच केही दिनभित्रै प्रदेश सरकारहरू पुनगर्ठन गरिसक्नेगरी छलफल अगाडि बढेको छ । उपसभापति विश्वप्रकाश शर्माले मंगलबार बिहान मात्रै एमाले अध्यक्ष केपी शर्मा ओलीसँग प्रदेश सरकारहरू परिवर्तनबारे छलफल गरेका छन् । उपसभापति शर्मालाई कांग्रेसले प्रदेश सरकारहरू पुनर्गठनबारे समन्वय गर्ने जिम्मेवारी दिएको छ ।पार्टीले दिएको जिम्मेवारीबमोजिम उपसभापति शर्माले अन्तरपार्टी नेताहरूसँग संवाद गर्दै आएका छन् । स्रोतका अनुसार आजसम्मको छलफल अनुसार मधेश र लुम्बिनी प्रदेशमा सहमति जुटिसकेको छ। मधेशमा कांग्रेसका कृष्णप्रसाद यादव मुख्यमन्त्री छन्। उनलाई नै निरन्तरता दिने सहमति जुटेको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935447/congress-uml-in-final-push-to-change-provincial-governments**

## कार्यालयको खोजीमा १० वर्षदेखि भौंतारिइरहेको एमाले

नेकपा एमालेले बल्खुस्थित मदननगरमै केन्द्रीय कार्यालय भवन बनाउने तयारी अगाडि बढाएको छ । केन्द्रीय कार्यालय सचिव डा.भिष्म अधिकारीका अनुसार भवन निर्माण कार्य चाँडै सुरू गरिँदैछ । 'दुई महिनाभित्रै काम थाल्नेगरी तयारी भइरहेको छ,' उनले भने । हिजो, आइतबार मदन-आश्रित दिवसको अवसर पारेर महासचिव शंकर पोखरेलले बल्खुमै भवन बनाइने घोषणा गरेका थिए । महासचिव पोखरेलको घोषणापछि एमालेको ठूलै पंक्ति उत्साहित देखिन्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1934567/uml-has-been-wandering-for-10-years-in-search-of-an-office**

## एपीजीको प्रतिनिधिमण्डलसँग कानूनमन्त्रीको भेट, देशलाई ग्रे लिस्टबाट हटाउनेबारे छलफल

कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमसँग एशिया प्यासिफिक ग्रुप अन मनि लाउन्डरिङ (एपीजी) का उपकार्यकारी सचिव डेभिड शानोन र नीति अधिकृत किआ सशलले शिष्टाचार भेटघाट गरेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935437/law-minister-meets-apg-delegation-discusses-removing-country-from-grey-list**

## न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै हस्तक्षेप स्वीकार गर्दिनँ : प्रधानन्यायाधीश शर्मा

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार नगरिने बताएका छन् । मंगलबार सर्वोच्च अदालत पुगेर पदभार ग्रहण गरेलगत्तै सम्बोधनको क्रममा उनले यस्तो बताएका हुन् । 'न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिने छैन,' प्रधानन्यायाधीश शर्माले भने । प्रधानन्यायाधीशको जिम्मेवारीलाई केवल पदको मात्रै नभइ संविधान, विधिको शासन, न्यायिक स्वतन्त्रता तथा नागरिकको न्यायप्रतिको विश्वासलाई अझै सुदृढ बनाउने दायित्वको रुपमा आफूले ग्रहण गरेको उनले बताएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1935403/i-will-not-accept-any-interference-in-the-dignity-of-the-justice-delivery-process-chief-justice-sharma**

## सभामुखले नियमावलीमा टेकेर सचेत गराएपछि हर्क राईले नियमावलीमै टेकेर उठाए प्रश्न, नियमावलीले के भन्छ ?

प्रतिनिधि सभा बैठकमा सभामुख डोलप्रसाद अर्यालले श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका सांसद हर्कराज राईलाई आफ्नो व्यवहार सच्याउन चेतावनी दिएका छन् । राईले केही दिन यता प्रतिनिधि सभा बैठकमा प्लेकार्ड प्रदर्शन गर्दै आएका छन् । बुधबार बसेको बैठकमा पनि उनले प्लेकार्ड प्रदर्शन गरेपछि सभामुख अर्यालले प्रतिनिधि सभा नियमावली अनुसार सचेत गराए । सभामुख अर्यालले प्रतिनिधि सभा नियमावलीको नियम ३० बमोजिम आफ्नो क्रियाकलाप र व्यवहार सच्याउन चेतावनी दिएका हुन् । प्रतिनिधि सभा नियमावलीको नियम ३० मा चेतावनी सम्बन्धी व्यवस्था छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/564391/after-the-speaker-warned-him-by-citing-the-rules-hark-rai-raised-the-question-by-citing-the-rules-themselves-what-does-the-rules-say**

## 'महानगरभन्दा अघि नै हामीले अतिक्रमित जग्गा फिर्ता ल्याउन थालेका हौँ'

अहिले देशभर सार्वजनिक जग्गा फिर्ता ल्याउने अभियान चलिरहेको छ । काठमाडौं महानगर क्षेत्रभित्र रहेका सुकुमबासी बस्ती खाली भएसँगै देशभरका स्थानीय तहले यो अभियान चलाइरहेका छन् । काठमाडौंकै जिल्लामा यो अभियानलाई तीव्रता दिने एउटा स्थानीय तह हो, तारकेश्वर नगरपालिका । न्यायिक समिति र सार्वजनिक जग्गा संरक्षण समितिमार्फत नगरपालिकाले अतिक्रमित जग्गाको पहिचान गर्ने, नापजाँच गर्ने र त्यस्ता संरचनाहरूमा डोजर चलाउने काम गरिरहेको छ । यद्यपि आफू अतिक्रमित जग्गा खाली गर्ने पायोनियर रहेको नगपालिकाको दाबी छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/563879/we-started-bringing-back-encroached-land-even-before-the-metropolis**

## औद्योगिक पूर्वाधार विकास पुनर्संरचना र लगानी प्राथमिकीकरण

नेपाल सरकारले घोषणा गर्ने र ३ करोडसम्म रकम अनुदान दिने व्यवस्था अनुसार स्थानीय सरकारले खोला किनार, जंगल आदिमा औद्योगिक ग्राम घोषणा गराइ संघीय सरकारबाट निकासा भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका कारण आज औद्योगिक ग्राम नामभन्दा बदनाम बढी हुन पुगेको छ । नेपालमा उद्योग स्थापनाको इतिहास धेरै लामो छैन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933678/industrial-infrastructure-development-restructuring-and-investment-prioritization**

## प्रदेश सरकार फेरबदलमा कांग्रेस-एमालेको आलोपालो खेल

कांग्रेस र एमाले प्रदेशमा फेरि आलोपालो सरकार सञ्चालनको दौडमा जुटेका छन् । सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्मा आफैं प्रदेश सरकारको नेतृत्व बदल्न कस्सिएका छन् । प्रदेशमा सरकार फेरबदलकै विषयमा एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेसका शीर्ष नेताहरूबीच पटक-पटक संवाद भइसकेको छ । कांग्रेसले एमालेसँग समझदारी जुटाउन उपसभापति विश्वप्रकाश शर्मालाई जिम्मेवारी दिए पनि सभापति थापाले समेत ओलीलाई भेटेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/05/20/congress-uml-take-turns-provincial-government-reshuffle-16-22.html**

## प्रशासनिक क्षेत्रमा झापाको फड्को : एकै वर्ष तीन सहसचिव र तीन उपसचिव सिफारिस

लोक सेवा आयोगद्वारा यस वर्ष प्रकाशित नतिजाअनुसार प्रशासनिक क्षेत्रमा झापाले फड्को मारेको छ। अत्यन्त प्रतिस्पर्धात्मक मानिने निजामती सेवाको उच्च तहमा झापाबाट एकै वर्ष तीन जना सहसचिव र तीन जना उपसचिव सिफारिस भएका छन् । राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) तहको विज्ञापनअन्तर्गत आन्तरिक प्रतियोगितातर्फ भद्रपुरका डा डिजन भट्टराई पहिलो योग्यताक्रममा सिफारिस भएका छन् । खुला प्रतियोगितातर्फ गौरीगञ्ज झापाका विजयकुमार शर्मा पनि पहिलो नम्बरमै सिफारिस भएका छन् । बाँकी... स्रोत : **https://ekantipur.com/koshi-pradesh/2026/05/20/jhapas-leap-in-the-administrative-sector-three-joint-secretaries-and-three-deputy-secretaries-recommended-in-one-year-55-56.html/**

## Israel Embassy marks 78th Independence Day in Kathmandu

The Embassy of Israel in Nepal celebrated the 78th Independence Day of the State of Israel with a special program in Kathmandu attended by senior government officials, political leaders, diplomats, media representatives, and friends of Israel. बाँकी... स्रोत : **https://english.khabarhub.com/2026/20/549810/**

## संसदीय समितिहरूमा आगामी बजेटको नीतिगत प्राथमिकता र भूमिहीनका समस्याबारे छलफल हुने

सङ्घीय सांसदअन्तर्गतका विभिन्न विषयगत समितिहरूमा आगामी आर्थिक वर्षको बजेट र भूमिहीन नागरिकका समस्या समाधानका विषयमा केन्द्रित रहेर छलफल हुने भएको छ। प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा समावेश गर्नुपर्ने नीतिगत विषयहरूका सम्बन्धमा विज्ञहरूसँग परामर्श गर्ने भएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/564577/parliamentary-committees-to-discuss-policy-priorities-of-upcoming-budget-and-problems-of-landless-people**

## सत्ता परिवर्तन गराउने आन्दोलनका 'अपरिचित मृतक' बारे राज्य मौन

सत्ता परिवर्तनको आधार बनेको जेन-जी आन्दोलनको हिंसात्मक घटनामा मारिएका अधिकांशलाई सरकारले सहिद घोषणा गरिसकेको छ। तर, आन्दोलनको केन्द्र मानिएको भदौ २४ को घटनामा मृत्यु भएका १२ जनाको पहिचान अझै खुल्न नसक्दा उनीहरू आखिर को थिए भन्ने प्रश्न फेरि गम्भीर रूपमा उठ्न थालेको छ। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/21/769436/**

## सर्वोच्चमा मुद्दाको चाङ, सुधार योजना फेरि परीक्षणमा

न्याय पाउन सेवाग्राहीले वर्षौं कुर्नुपर्ने अवस्था हटाउन नयाँ प्रधानन्यायाधीशले फेरि सुधार योजना अघि सार्नुभएको छ। सर्वोच्च अदालतले मुद्दा अभियान फाँट खडा गरेर सुनुवाइ थाले पनि प्रभावकारी रूपमा फछ्र्योट हुन सकेको छैन। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/21/769439/**

## कक्षा १२ को परीक्षा ३ महिनाबाट घटाएर ४५ दिनमा परीक्षाफल

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा ४५ दिनभित्र प्रकाशित गर्नेगरी कार्ययोजना तयार गरेको छ। कार्ययोजनाअनुसार परीक्षाफल प्रकाशित गर्न 'मार्किङ स्किम' सुरु भइसकेको छ। जसअनुसार हरेक विषयको ५ जना विज्ञलाई राखेर कार्यशाला सञ्चालन भइरहेको छ। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/21/769444/**

## सन्दीप लामिछाने- ओडीआईमा दुई विश्व रेकर्ड

एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) क्रिकेटमा नेपालका चर्चित बलर सन्दीप लामिछानेले दुई विश्व रेकर्ड आफ्नो नाममा राखेका छन्। ओडीआईमा लेग स्पिनर सन्दीपले कम खेल खेलेर १०० औं विकेट र १५० औं विकेट लिएर विश्व रेकर्ड राखेका हुन्। उनी दुबैपटक कीर्तिपुरको आफ्नै मैदानमा विश्व रेकर्ड रच्न सफल भए। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/20/769427/**

## नेपाल बहुसूचक सर्वेक्षण प्रादेशिक प्रतिवेदन

बालबालिकाका लागि आमा-बुबा सबैभन्दा ठूलो शिक्षाका गुरु हुन् । गण्डकी प्रदेश शिक्षा, स्वास्थ्य र पूर्वाधारमा अब्बल देखिए पनि केही कुरामा भने निकै कमजोर देखिएको छ । जसमध्ये एक हो, वैदेशिक रोजगार । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/20/769260/**

## स्वास्थ्य बीमा कार्यक्रमप्रति सरकारी अस्पताल नै छैनन् सन्तुष्ट

स्वास्थ्य बिमा कार्यक्रमलाई लिएर सरकारी अस्पतालहरूले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य बिमा बोर्डप्रति असन्तुष्टि जनाएका छन्। बोर्डले सरकारी अस्पताललाई स्वास्थ्य बिमाको दाबी भुक्तानी गर्दा अनावश्यक शंका-उपशंका गरेको र बिमाको भुक्तानी नदिएको भन्दै अस्पतालहरूले असन्तुष्टि पोखेका हुन्। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195581/2026-05-21**

## बुद्धिमायाको बुद्धिले नौ सय महिला रोजगार

गरे के सम्भव हुँदैन ? भन्ने कथनलाई  चितवनकी एक महिलाले प्रमाणित गर्नुभएको छ। उहाँ एक्लैले नौ सयभन्दा बढी महिलालाई रोजगारी दिएर अन्यलाई काममा लाग्न उत्प्रेरित गरिरहनुभएको छ । कालिका नगरपालिका-२ की बुद्धिमाया घलेले घरको कामबाट फुर्सद मिलेको समयमा भेडाको उनबाट धागो बनाउने, धागोबाट गलैँचा बुन्ने, ढाकाको कपडा बुन्ने तथा हस्तकलाका सामान तयार पारेर ती महिलालाई रोजगारी दिनुभएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/207235**

## नेपाल भित्रिएका परदेशी वनस्पति

राणा शासनका वेला राणाहरू विभिन्न सन्दर्भमा विदेश जान थाले। त्यतिवेला उनीहरूले त्यहाँका महलमा फूलैफूलको बगैँचा देखे। उनीहरू ती बगैँचाबाट प्रभावित भए। त्यस्तै, बगैँचा आफ्नो महलमा पनि बनाउने इच्छा देखाए। सोहीअनुसार त्यहाँका बगैँचामा भएका केही बिरुवा नेपाल ल्याए। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195763/2026-05-23**

## नेपालमा 'जनै खटिरा'को विज्ञान, पीडा र भ्रम

पहाडकी एक वृद्धा आमा घरबाहिर छटपटिएर बसिरहेकी थिइन् । छिमेकीहरू चिन्तित हुँदै उनको वरिपरि जम्मा भए । दाहिने छातीतिर रातो पोल्ने खालका पीडादायी पानीफोकाहरू देखा परेका थिए । कसैले सुटुक्क भन्यो - "नाग लागेको हो, अर्कोले भन्यो फुक्नुपर्छ ।" अर्कोले धामी-झाँक्री बोलाउन सुझाव दियो । गाउँका उपबुज्रुकहरू समेत जम्मा भए । बाँकी... स्रोत : **https://swasthyakhabar.com/story/62783**

## जैविक जीवन जोगाऔं

नेपाल सानो भूगोलमा असाधारण जैविक विविधता समेटिएको मुलुक हो । हिमाल, पहाड, तराई र उपत्यकाको अनुपम संरचना एवं प्राकृतिक-जैविक विविधताको उपहार यो देशले पाएको छ । केही घण्टाको यात्रामै मौसम, भूबनोट, वनस्पति र जीवनशैली बदलिने देशका रूपमा नेपाल विश्वमै विशिष्ट मानिन्छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/editorial/let-s-protect-biological-life-br-51-45.html**

## डोल्पाको छार्का ताङसोङमा टेलिकमको फोरजी सेवा

नेपाल टेलिकमले डोल्पाको छार्का ताङसोङ गाउँपालिकाको केन्द्र कागकोटमा फोरजी सेवा सुरु गरेको छ । समुद्री सतहदेखि ४ हजार २ सय मिटर उचाइमा अवस्थित मुकोटस्थित टावरमा फोरजी उपकरण जडान गरी माइक्रोवेभ रेडियोमार्फत सो सेवा सञ्चालनमा ल्याइएको नेपाल टेलिकमका प्रवक्ता कमल लामिछानेले जानकारी दिए । बाँकी...

स्रोत : **https://ekantipur.com/technology/2026/05/23/telecoms-4g-service-in-chharka-tangsong-dolpa-24-57.html**

## तेहरामा 'हनी हन्टिङ' महोत्सव तस्बिरहरू

केपिलासगढी गाउँपालिका-१ फेदीस्थित तेहरामा हनी हन्टिङ महोत्सव आयोजना गरिएको छ । चिलिम लाहुरे पोखरी सामुदायिक वनको तेहरा भीरमा यो वर्ष भीर माहुरीले ११ गोला लगाएको छ । त्यही मह सिकारकासाथ हनी हन्टिङ महोत्सव आयोजना गरिएको हो । फेदीका विभिन्न भीरमा उधौलीको बेला असोज-कात्तिकमा र उभौलीका बेला वैशाख-जेठमा मह सिकार गर्ने परम्परा रहेको मह सिकारीमध्येका मुख्य माखाम्लाका हस्तराम राईले बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/05/23/honey-hunting-festival-in-tehran-09-24.html**

## त्रिपुरासुन्दरीमा लाखौं खर्चेको एक्सरे मेसिन ६ वर्षदेखि थन्कियो, मुसाको बास

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाले ६ वर्षअघि खरिद गरेको एक्सरे मेसिन अझै सञ्चालनमा आउन सकेको छैन । २०७७ चैतमा पालिकाको वडा नं १ स्थित त्रिपुराकोट स्वास्थ्य चौकीका लागि खरिद गरिएको मेसिन जडान नै नभई प्रयोगविहीन छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938150/rats-live-in-x-ray-machine-brought-at-a-cost-of-lakhs-in-tripura-sundari**

## मधेश केन्द्रित दल आठ वर्षपछि मधेशको सत्ता बाहिर

कुनै न कुनै रूपमा मधेशमा आठ वर्षदेखि सत्तामा रहेका मधेश केन्द्रित दल प्रतिपक्षी बेन्चमा पुगेका छन् । कांग्रेस नेतृत्वको सरकारले जनता समाजवादी पार्टी (जसपा) लाई हटाएपछि मधेशको सत्ता पहिलोपटक मधेश केन्द्रित दलविहीन बनेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938099/madhesh-centric-party-out-of-power-in-madhesh-after-eight-years**

## बाजुरा-हुम्ला सीमा विवाद : लाम्पाटा क्षेत्रमा सुरक्षाकर्मी परिचालन

बाजुराको हिमाली गाउँपालिका-३ को लाम्पाटामा सीमा विवादको विषयलाई लिएर कुटपिटको घटना भएपछि सो क्षेत्रमा थप सुरक्षाकर्मी परिचालन गरिएको छ । हुम्लाको खार्पुनाथ गाउँपालिका-२ थलीका स्थानीयको समूहले हिमाली-३ का वडा सदस्य पेमा गारा गुरुङसहितका पाँच जनामाथि कुटपिट गरेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938129/bajura-humla-border-dispute-security-personnel-deployed-in-lampata-area**

## सिरहामा पासवान बने वैशाख महिनाको उत्कृष्ट प्रहरी

जिल्ला प्रहरी कार्यालय सिरहाले वैशाख महिनाको 'उत्कृष्ट प्रहरी' हवल्दार सन्जीपकुमार पासवानलाई घोषणा गरेको छ । पासवानले विभागीय मूल्य-मान्यता, आदेश तथा निर्देशनको पूर्ण पालना गर्दै व्यावसायिक, लगनशील र कर्तव्यनिष्ठ ढंगले जिम्मेवारी निर्वाह गरेको भन्दै सम्मान गरिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938164/paswan-becomes-best-police-officer-of-the-month-of-baisakh-in-siraha**

## एमालेमा बदलिएको शक्ति सन्तुलन : शक्तिशाली ओली ६ महिनामै अल्पमतमा सचिवालयमा ओलीको राजीनामाको पक्षमा बहुमत

गत मंसिरमा सम्पन्न १०औँ महाधिवेशनबाट आफ्नो पक्षका पदाधिकारीसहित केन्द्रीय कमिटीमा निकट नेताहरूको वर्चस्व गराएका एमाले अध्यक्ष केपी ओली ६ महिनामै भारी अल्पमतमा परेका छन्। पार्टी पुनर्गठनको मुद्दासहित बहुमत पदाधिकारी नेतृत्वमा ओलीको विकल्पको पक्षमा उभिएका छन्। महाधिवेशनपछि ओली पहिलोपटक पार्टी कमिटीभित्र स्पष्ट रूपमा अल्पमतमा परेका हुन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195799/2026-05-24**

## राजीनामा माग्ने नेताहरूलाई ओलीको जवाफ- सम्झाउन नखोज्नुस्, छोड्दिनँ

सचिवालय बैठकमा अधिकांश नेताहरूबाट मार्गप्रशस्त गर्न माग भएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू यसरी पछि नहट्ने बताएका छन् । शुक्रबारबाट जारी एमाले केन्द्रीय सचिवालय बैठकमा नेताहरूले निरन्तर आ-आफ्ना धारणा राखिरहेका छन् । शुक्रबार पाँच जना उपाध्यक्षले धारणा राखेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938002/olis-response-to-leaders-demanding-resignation-dont-try-to-convince-them-i-wont-give-up**

## शंकरले पनि दिएनन् ओलीलाई साथ

नेकपा एमालेका महासचिव शंकर पोखरेलले पनि अध्यक्ष केपी शर्मा ओलीलाई अहिलेकै अवस्थामा पार्टी अघि बढ्न नसक्ने सुझाव दिएका छन् । शनिबार अध्यक्ष ओलीकै निवासमा बसेको पार्टी सचिवालय बैठकमा आफ्नो धारणा राख्ने क्रममा महासचिव पोखरेलले परिस्थिति सहज नभएको भन्दै यही परिस्थितिमा अघि बढ्न नसक्ने बताएका हुन्। बैठकमा सहभागी एक नेताका अनुसार, पोखरेलले ओलीलाई 'राजीनामा नै गर्नु' भन्ने शब्द चाहिँ प्रयोग गरेनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937984/shankar-also-did-not-support-oli**

## एमाले सचिवालय : महासचिव, तीन उपमहासचिव र पाँच सचिवले राखे धारणा

नेकपा एमालेको दोस्रो दिनको सचिवालय बैठक सकिएको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवास गुण्डुमा बसेको बैठक केहीबेरअघि सकिएको हो । आजको बैठकमा महासचिव शंकर पोखरेलले आफ्ना धारणा राखेका छन् । त्यस्तै, पार्टीका तीन उपमहासचिव र पाँच जना सचिवहरूले पनि धारणा राखेको उपमहासचिव लेखराज भट्टले जानकारी दिए । ' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937968/uml-secretariat-general-secretary-three-deputy-general-secretaries-and-five-secretaries-expressed-their-views**

## तालिमका क्रममा बेहोस भएका सशस्त्रका जवान भेट्न पुगे सुधन

पूर्वगृहमन्त्री सुधन गुरुङ तालिमका क्रममा बेहोस भइ उपचाररत सशस्त्र प्रहरीका जवानहरूको स्वास्थ्य अवस्था बुझ्न पुगेका छन्। उनीसँगै सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) नारायण दत्त पौडेल अस्पताल पुगेका थिए। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937979/sudhan-arrives-to-meet-the-armed-forces-personnel-who-fainted-during-the-tamil-nadu**

## बारा बैठक : निष्कासनमा परेका सभापतिका समर्थकद्वारा रास्वपाकै सांसदमाथि हातपात प्रयास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बारा जिल्ला स्तरीय विस्तारित बैठक बिथोल्ने प्रयास भएको छ। जिल्ला सभापति चन्दन स्वर्णकारलाई पार्टीले साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेपछि स्वर्णकार पक्षधरले कलैयास्थित कार्यक्रमस्थलमा नाराबाजी गरेका छन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937862/bara-meeting-supporters-of-expelled-president-attempt-to-assault-rsp-mp**

## भीआईपीको गैरकानूनी उपचार खर्च : रकम फिर्ता गर्दैमा उन्मुक्ति मिल्छ ?

नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारको पालामा गैरकानूनी रुपमा बाँडिएको उपचारखर्च बापतको रकम गतसाता राज्यकोषमा फिर्ता गऱ्यो। पूर्वराष्ट्रपति डा. रामवरण यादव, पूर्वप्रधानमन्त्रीद्वय केपी शर्मा ओली र झलनाथ खनालको उपचार बापतको झण्डै चार करोड रुपैयाँ फिर्ता गरेपछि उनीहरूमाथि भ्रष्टाचारको उजुरीमा अनुसन्धान गरिरहेको अख्तियार रोकिने संकेत देखिएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1937587/vips-illegal-medical-expenses-will-refunding-the-money-provide-immunity**

## प्रधानमन्त्री बालेन र संसद्‌बीच बाह्र हाते दूरी

संसद्मा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को लगातार अनुपस्थितिले गम्भीर संवैधानिक तथा संसदीय बहस जन्माएको छ। प्रधानमन्त्रीले नै संसद्‌लाई सम्मान नगर्ने हो भने संसदीय लोकतन्त्रको औचित्य समाप्त हुने चर्चाले अहिले राजनीतिक वृत्त तरंगित छ। विपक्षी दलहरूले प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै लगातार संसद् अवरुद्ध गरिरहेका बेला प्रधानमन्त्री शाहले संसद् बैठकमा उपस्थित हुन अस्वीकार गरेपछि सभामुख डोलप्रसाद अर्याल यतिखेर दबाब र अन्योलमा पर्नुभएको छ। बिहीबारको प्रतिनिधिसभा बैठकअघि सभामुख अर्यालले प्रधानमन्त्री शाहलाई दुईपटक भेटेर संसद्मा उपस्थित हुन आग्रह गर्नुभएको थियो। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/22/769570/**